नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

अर्थतन्त्र लयमा फर्कंदै छ, यही कार्यकालमा देशले समृद्धितर्फ फड्को मार्नेछः अर्थमन्त्री पौडेल



सम्वाद पृष्ठ ७ मा

वर्ष ३ | अंक ३४ | २०८१ साल मंसिर २८ गते शुक्रबार | Friday 13, December 2024 | सूर्योदय: बिहान ६:४५ बजे | सूर्यास्त: साँझ ५:१४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## अन्तर्राष्ट्रिय विवाद समाधानमा विश्वसनीय र तटस्थस्थल बनाऔँः प्रधानमन्त्री

**मधेशदृष्टि**
**ललितपुर ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाललाई अन्तर्राष्ट्रिय विवाद समाधानका लागि विश्वसनीय र तटस्थ स्थलका रूपमा स्थापित गर्न सकिने बताएका छन् । अन्तर्राष्ट्रिय वैकल्पिक विवाद समाधान केन्द्रद्वारा आयोजित उद्योग वाणिज्य तथा करार र देवानीसम्बन्धी विवाद समाधान सम्मेलनमा प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रिय विवाद समाधानका लागि आफूहरु प्रतिबद्ध रहेको बताए ।
प्रधानमन्त्रीले नेपालको एडिआर प्रतिबद्धता र अन्तर्राष्ट्रिय कन्भेन्सनमा नेपालको सक्रियता उल्लेख गर्दै भने, 'नेपालले न्यूयर्क कन्भेन्सन र सिङ्गापुर कन्भेन्सनमा हस्ताक्षर गरी एडिआरका मापदण्डमा आफ्नो प्रतिबद्धता प्रकट गरेको छ ।'
नेपाललाई अन्तर्राष्ट्रिय विवाद समाधानका लागि एक तटस्थ र विश्वासनीय स्थलको रूपमा प्रस्तुत गर्ने लक्ष्यमा रहेको प्रधानमन्त्रीले बताए ।
प्रधानमन्त्री ओलीले भने, 'यस वर्षको एडिआर सप्ताहको मुख्य शीर्षक 'ग्रीन आर्बिट्रेसनः हिमालय बचाऔँ, भविष्यको पिँढीका लागि पृथ्वी बचाऔँ' अत्यन्तै महत्त्वपूर्ण छ । विवाद समाधान कार्यमा संलग्न विभिन्न देशका संस्था, विषय विज्ञ तथा व्यवसायीहरूको सहभागितामा मध्यस्थता र मेलमिलापका माध्यमबाट विवाद समाधानलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपालमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिएको हो ।

## मेलामा सशस्त्र प्रहरीको २४ सै घण्टा सेवा



**मधेशदृष्टि**
**बारा ।**
महागढीमाई नगरपालिका–१ स्थित गढीमाई मन्दिरमा लागेको पञ्चवर्षीय मेला–२०८१ सुरक्षार्थ ५ सय सशस्त्र प्रहरी २४ सै घण्टा परिचालित छन् । मङ्सिर १ गतेदेखि सुरु भएको मेला मङ्सिर ३० गतेसम्म सञ्चालन हुनेछ । मेलालाई सुरक्षित एवम् भयरहित वातावरणमा सम्पन्न गराउन १२ नम्बर गण बाराबाट सशस्त्र प्रहरी उपरीक्षक सन्तोष बहादुर सिंहको कमान्डमा टोली परिचालन गरेको छ भने मेला सुरक्षा योजनाअनुसार सशस्त्र प्रहरी नायव उपरीक्षक रविन सिलवालको कमान्डमा मेला अवधिभरको लागि मेलास्थलमा कमान्ड पोस्ट स्थापना गरिएको छ ।
मेला सुरक्षार्थ २ वटा तालिम प्राप्त कुकुर परिचालन गरिएको छ । मेलामा भिड व्यवस्थापन र निगरानी गर्न ड्रोन प्रयोग गरिएको छ भने मेला परिसरमा रहेको पोखरीमा कुनै पनि अप्रिय घटना नहोस् भनी विपद् व्यवस्थापन तालिम प्राप्त टोली रबर बोटसहित २४सै घण्टा तैनाथ छ ।
मेलामा ठूलो संख्यामा भक्तजनको उपस्थिति हुने भएकाले मेला सुरक्षा योजनाअनुसार सशस्त्र बल नेपालले उच्च सतर्कता अपनाउँदै सुरक्षा व्यवस्था थप मजबुत बनाउन मेला अवधिभर परिचालित रहने सशस्त्र प्रहरका प्रवक्ता नायब महानिरीक्षक कुमार न्यौपाने जानकारी दिए ।

# आज देशभर पत्रकारहरुको मतदान

**मधेशदृष्टि**
**वीरगंज ।**
सधैँ अरुका खबर लेख्ने पत्रकार आफैँ खबरमा पात्र बनेका छन् । नेपाल पत्रकार महासङ्घको केन्द्र, प्रदेश, जिल्ला शाखा र प्रतिष्ठान शाखाको आज शुक्रबार हुने निर्वाचनले पत्रकारहरु नै यसपटक समाचारमा छाएका छन् ।
मधेशका पत्रकार मात्र होइन देशभरका सञ्चारकर्मी चुनावमा व्यस्त छन् । बुद्धिजीवी, विश्लेषक र पत्रकारिताक्षेत्रसँग चासो राख्ने सबैबीच चुनावको चर्चा छ । केन्द्र, प्रदेश, ७७ जिल्ला, ४१ प्रतिष्ठानमा पत्रकारहरु चुनावी प्रतिस्पर्धा गरिरहेका छन् ।
महासङ्घ केन्द्रीय समितिका पदाधिकारी र विभिन्न क्षेत्र (क्लष्टर)बाट प्रतिनिधित्व हुने केन्द्रीय सदस्यका लागि उम्मेद्वारहरु समूहमा र एक्लाएक्लै प्रतिस्पर्धामा उत्रिएका छन् । मधेश प्रदेशमा केही स्वतन्त्रसहित तीन समूह चुनावी प्रतिस्पर्धामा देखिएको छ । वर्तमान प्रदेश महासचिव पर्साका श्याम बन्जारा, सप्तरीका अवधेश झा र धनुषाका नवलकिशोर यादवसहित तीन समूह चुनावी मैदानमा छन् । यीमध्ये बञ्जारा नेतृत्वको समूह नेपाल प्रेस युनियन र प्रेसचौतारी नेपालको गठबन्धनको हो । यसैगरी, झालाई प्रेस सेन्टर नेपाल, नेपाल प्रेस मञ्च र समाजवादी प्रेस सङ्गठन समर्थन छ । यद्यपि उम्मेदवार यादवले आफ्नो समूहलाई स्वतन्त्र दाबी गरेका छन् ।
मधेशका आठ जिल्लामा महासङ्घका ७ सय ७२ सदस्य छन् । यी सदस्यमध्येका मतदातालाई मनाउन उम्मेदवारको घरदैलो भएको छ । यो निर्वाचनमा पत्रकारका सङ्गठनहरुले अघिल्लो





चुनावभन्दा फरक गठबन्धन गरेका छन् ।
नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपाल एउटा गठबन्धनमा छन् भने प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस सङ्गठन र प्रेस मञ्च नेपालसहितका सङ्गठनले अर्को गठबन्धन गरेका छन् । केन्द्रदेखि जिल्लासम्म यो गठबन्धनको प्रभाव देखिएको छ ।

## नेतृत्वमा निलिमा निर्विकल्प

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघ पर्साको महिला उपाध्यक्ष पदमा रेडियो वीरगंज, टिभी वीरगंज र मधेशदृष्टि दैनिककर्मी निलिमा पौडेलको उम्मेदवारी परेको छ । नेपाल प्रेस युनियनकी केन्द्रीय सदस्य, नेपाली कांग्रेस पार्टीको मधेश प्रदेश प्रचार विभाग सदस्यको परिचय बनाएकी निलिमा तराई मधेशकै पहिलो रेडियो वीरगंज एफएममा विगत १७ वर्षदेखि कार्यरत पत्रकार हुन् ।
बिहानै उठेर रेडियोमा समाचार वाचन गर्नु, दिउँसो नागरिक समाजसँग सक्रिय भएर उन्नत समाज निर्माणमा सम्वाद गर्नु र फेरि दिनभरका जनताका



दैनिकीका विषयलाई साँझ रेडियोमा समाचारका रुपमा प्रस्तुत गर्नु निलिमाको दैनिकी हो । उनले आफूलाई समाचारमा र समाचारमा आफूलाई निरन्तरता दिएको दुई दशक पुग्नै लागेको छ ।
पर्साको पत्रकारितामा निलिमा पौडेल स्थापित नाम हो । नेतृत्व हो र एउटा गरिमामय हस्ताक्षरका रुपमा निलिमाको नाम सधैँ अग्रपंक्तिमा रहने गरेको छ । यिनै निलिमा पौडेल यसपटक पर्साका पत्रकारहरुको ठूला दुई संगठनहरुको तर्फबाट महिला उपाध्यक्षका रुपमा उम्मेदवार भएकी छिन् भने पर्साका अन्य पत्रकार र महिला पत्रकारहरु पनि निलिमाका पक्षमा खुलेर लागेका छन् । नेतृत्वमा निलिमाको दाबीलाई सकारात्मक लिँदै उनका विकल्प खोज्न नहुने निष्कर्षमा पुगेका छन् ।




## रेडियो वीरगंजको गौरवमय २२ वर्ष




**मधेशदृष्टि**
**वीरगंज ।**
मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले बिहीबार प्रसारणको २२ वर्ष पूरा गरी गौरवमयरुपमा २३ औँ वर्षमा प्रवेश गरेको छ । सामाजिक क्षेत्रमा समेत उल्लेख्य योगदान पुर्‍याउँदै आएको रेडियो वीरगंजले २२ औँ वार्षिकोत्सवको अवसरमा मंसिर १५ गते वृहत रक्तदान कार्यक्रम सम्पन्न गरिसकेको छ ।
रेडियो वीरगंजले २२ वर्ष पूरा गरी २३ औँ वर्षमा प्रवेश गरेको अवसरमा रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहले प्रेस विज्ञप्ति जारी गरी रेडियोका आमस्रोता, विज्ञापनदाता, शुभचिन्तकप्रति आभार




प्रकट गरेका छन् ।
विज्ञप्तिमा साहले सबैको अपार स्नेहका कारण रेडियो वीरगंज मध्य तराईका श्रोताको ढुकढुकी बन्न सफल भएको बताएका छन् ।
श्रोता, विज्ञापनदाता र शुभचिन्तकको अपार माया, स्नेह र सहयोगका कारण रेडियो वीरगंजले टिभी वीरगंज र मधेशदृष्टि दैनिक पत्रिका पनि सञ्चालन गरिरहेको र मधेशमा स्थापित सञ्चारगृहका रुपमा क्रियाशीरल भएको विज्ञप्तिमा उल्लेख छ ।
कार्यकारी अध्यक्ष साहद्वारा जारी विज्ञप्तीमा २२ वर्षसम्म रेडियो वीरगंजलाई अपार माया, स्नेह, प्रदान गर्ने स्रोता, विज्ञापनदाता, शुभचिन्तकको विश्वासलाई थप मजबुत बनाउदै जाने प्रबिद्धता समेत व्यक्त गरिएको छ ।

# साङ्गठनिक संरचना फेरबदल करैत एकीकृत समाजवादी

**काठमाण्डू ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) के आइ बैसबला स्थायी कमिटी बैसार पार्टी नेतासभके कार्य विभाजन तथा संरचनामे फेरबदल करत ।
आइ दुपहर केन्द्रीय कार्यालयमे होएबला बैसारमे पार्टी अध्यक्ष माधवकुमार नेपालक नेतृत्वमे गठित कार्यदलद्वारा कार्यविभाजन भेल नेताक नामावली प्रस्तुत कएल जाएत ।
पार्टीक सचिव सोमप्रसाद पाण्डेयक अनुसार विभागीय प्रमुख, जिला इञ्चार्ज, आयोग तथा जनसङ्गठन इञ्चार्जलगायत पदमे देल जाएबला जिम्मेवारीकेँ बैसार अनुमोदन करबाक अइछ । बुधदिनक बैसारमे अध्यक्ष नेपाल राजनीतिक प्रतिवेदन प्रस्तुत केने छलैथ ।

# मधेशक पत्रकार चुनावमे व्यस्त

**महोत्तरी ।**
सबदिन आनके खबर लिखनिहार पत्रकार एखन अपने खबरके विषय बनल छैथ । नेपाल पत्रकार महासङ्घके केन्द्र, प्रदेश, जिलाशाखा आ प्रतिष्ठान शाखासभके काइल होएबला निर्वाचन हुनकासभकेँ खबरके विषय बनेने अइछ ।
मधेशक पत्रकार मात्रे नै देशभैरक सञ्चारकर्मी एखन चुनावमे व्यस्त छैथ । बुद्धिजीवी, विश्लेषक आ पत्रकारिता क्षेत्रमे अभिरूचि राखनिहार सबके बीच चुनावी चर्चा छै ।
महासङ्घ केन्द्रीय समितिक पदाधिकारी आ विभिन्न क्षेत्र (क्लष्टर)सँ प्रतिनिधित्व होबाक केन्द्रीय सदस्यक लेल उमेद्वारसभ समूहमे आ असगरे असगर भोट मांगैत छैथ ।
मधेश प्रदेशमे किछ स्वतन्त्रसहित तीन समूह चुनावी प्रतिस्पर्धामे अइछ । वर्तमान प्रदेश महासचिव पर्साक श्याम वञ्जारा, सप्तरीक अवधेश झा आ धनुषाक नवलकिशोर यादवसहित तीन समूह चुनावी मैदानमे छैथ । ताहि मध्ये वञ्जारा नेतृत्वके समूह नेपाल प्रेस युनियन आ प्रेस चौतारी नेपालके गठबन्धनक छी । तहिना झाकेँ प्रेस सेन्टर नेपाल, नेपाल प्रेस मञ्च आ समाजवादी प्रेस सङ्गठनक समर्थन अइछ । यद्यपि उम्मेदवार यादव अपन समूहकेँ स्वतन्त्र दाबी केलैन अइछ । मधेशक आठु जिलामे महासङ्घके ७७२ सदस्य छैथ । जाहिमे मतदाताकेँ मनेबाक लेल उम्मेदवारके घरअंगना कार्यक्रम पूरा भेलो नै छै ।
एहि निर्वाचनमे पत्रकारक सङ्गठनसभ पुरना चुनावसँ अलग गठबन्धन केलक अइछ । नेपाल प्रेस युनियन आ प्रेस चौतारी नेपाल एकटा गठबन्धनमे अइछ तँ प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस सङ्गठन आ प्रेस मञ्च नेपालसहितके सङ्गठन दोसर गठबन्धन बनेलक अइछ । केन्द्रसँ जिलाधैर ई गठबन्धनके प्रभाव देखल गेल अइछ ।

# प्रधानसेनापति सिग्देलद्वारा भारतीय समकक्षीसङ भेटवार्ता

**काठमाण्डू ।**
मित्रराष्ट्र भारतके औपचारिक भ्रमणमे रहल प्रधानसेनापति महारथी अशोकराज सिग्देल बुधदिन भारतीय स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीसङ भेटवार्ता केलैन अइछ ।
सङे, ओ भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, चिफ अफ डिफेन्स स्टाफ अनिल चौहान, रक्षा सचिव आ विदेश सचिवसङ अलगेअलगे भेटघाट केलैन से सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालय जनौलक अइछ ।
बुधेदिन, प्रधानसेनापति सिग्देल भारतके नयाँ दिल्लीस्थित राष्ट्रिय समर स्मारकमे पुष्प गुच्छा अर्पण क वीर सहिदसभप्रति श्रद्धाञ्जली अर्पण केलैन ।
तहिना हुनक सम्मानमे भारतीय सेनाक एक टुकडी सम्मान गारत अर्पण केने छल ।

# वीरगंजसँ डिजेल आयात घटल

**वीरगंज ।**
वीरगंजसँ डिजेल आयात घटल अइछ । चालु आर्थिक वर्षके प्रथम चाइर महिनामे डिजेलके आयात नओ दशमलव ४१ प्रतिशत घटल वीरगञ्ज भन्सार कार्यालय जनौलक अइछ । डिजेल आयात घटलसङै राजस्व सेहो १५ दशमलव १६ प्रतिशत घटल अइछ । आव २०८१÷८२ के चाइर महिनामे २१ अरब ८४ करोड़ आठ लाख ७६ हजार टकाक दू लाख ४६ हजार सात सओ १९ किलोलिटर डिजेलके आयात भेल छल । वितल आ.वके सएह अवधिमे ३० अरब १७ करोड़ ७६ लाख ४८ हजार टकाके डिजेल आयात भेल छल ।
प्रमुख भन्सार प्रशासक दीपक लामिछाने पेट्रोलियम पदार्थ, सवारीसाधन आ कच्चापदार्थके आयात घटलासँ राजस्व सङ्कलनमे असर पड़ल बतौलैन । मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनसँ डिजेल आयात भेल करैत अइछ त पेट्रोल ट्याङ्करेसँ नै पैठारी होइत आएल अइछ ।
नेपाल निर्माण व्यवसायी महासङ्घक अध्यक्ष रवि सिंह चालु आ.वक कातिक महिनाधैर निर्माण रूकलासँ डिजेल आयात घटल बतौलैन ।
ओ कहलैन, 'सरकारके निर्माण क्षेत्रकेँ चलायमान बनेबाक चाही । जँ तेना नै होएत तँ पुँजीगत खर्च नै बढ़त ।'
तहिना, चालु आ.वके चाइर महिनामे १२ अरब ४२ करोड़ ६१ लाख ३७ हजार टकाक एक लाख ४२ हजार आठ सओ ६५ किलोलिटर पेट्रोल आयात भेल अइछ । वितल आ.वके सएह अवधिमे १३ अरब १८ करोड़ ४९ लाख ९० हजार टकाक एक लाख २९ हजार एक सओ २६ किलोलिटर पेट्रोल आयात भेल छल ।

# प्रतिभापलायन रोकबाक लेल नास्टक भूमिका आवश्यक

**मोरङ ।**
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)केँ वैज्ञानिक, प्राविधिक आ विज्ञसभ उत्पादनक केन्द्र बनेबालेल पुनःसंरचना करबामे जोड़ देल गेल अइछ । आइ एत आयोजित नास्टके पुनःसंरचना सम्बन्धमे राय सुझाव सङ्कलनके लेल विज्ञसभसँ अन्तक्रियामे सहभागीसभ नास्टक विद्यमान संरचनासँ सोचलअनुसार प्रतिफल नै आइब सकल बतौलैन अइछ ।
सहभागीसभ प्रतिभापलायन रोकबाक लेल नास्टकेँ आवश्यक काज करबाक लेल जोड़ देलैथ । ओसभ नास्टकेँ मानित विश्वविद्यालयक अवधारणाअनुसार नयाँ संरचनागत ढाँचामे सञ्चालन कएलापर वैज्ञानिक आ प्राविधिक उत्पादनमे अधिकतम फाइदा होबाक विचार व्यक्त केलैन ।
कार्यक्रममे नास्टक प्रवक्ता डा सुरेशकुमार ढुङ्गेल नास्टके पुनःसंरचनाक आवश्यकता, तकरा लेल आवश्यक विषयवस्तु, सम्भावना आ चुनौतीबारे कार्यपत्र प्रस्तुत केलैन । कार्यक्रममे कोशी प्रदेश योजना आयोगक उपाध्यक्ष डा राजेन्द्र अधिकारी, सदस्य प्रमीला गच्छेदारलगायत विभिन्न विश्वविद्यालयक पदाधिकारी, विभिन्न क्याम्पसक क्याम्पस प्रमुख आ सरोकारवालासभके सहभागिता रहल छल ।
नास्ट विराटनगर आ पोखरामे विज्ञसभसँ बातचितक बाद काठमाण्डूमे सम्बन्धित मन्त्रालयसङे बातचित क अपन उद्देश्यबारे जानकारी करेबाक कार्यक्रम राखने अइछ ।

# पन्ध्र शय्याक अस्पताल भवन शिलान्यास

**सप्तरी ।**
जिलाक बोदेबरसाइन नगरपालिका–५ मे १५ शय्याक अस्पताल निर्माणके भवन आइ शिलान्यास कएल गेल अइछ । शत्रुध्न हस्पिटल लगे रहल सार्वजनिक जमीनमे १५ शय्याक आधारभूत अस्पताल निर्माण करबाक लेल भवन शिलान्यास कएल गेल अइछ ।
तेह्र कठ्ठा क्षेत्रफलमे १९ करोड़ ६२ लाख ४५ हजार २७ टकाक लागतमे अस्पताल निर्माण होब लागल नगरपालिकाक स्वास्थ्य शाखा संयोजक राज नारायण ठाकुर जानकारी देलैन । हुनक अनुसार नगरप्रमुख आतेश कुमार सिंहके प्रमुख अतिथिमे भवन शिलान्यास कएल गेल अइछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय देशभैर पाँच, १० आ १५ शय्याधैरके अस्पताल नै भेल स्थानीय तहमे भवन बनेबाक योजना बनाएल अनुसार बोदेबरसाइनमे निर्माण प्रक्रिया आगू बढ़ल संयोजक ठाकुर बतौलैन ।
अस्पताल सञ्चालनमे एलाक बाद सामान्य बेमार भेलो पर पालिकाबहार जेबाक बाध्यता अन्त होबाक हुनक कहब छैन । वि.सं २०८४ अगहनधैरमे सम्पन्न होबाक हिसाबे भवन निर्माणक जिम्मा काभ्रेके न्यू ड्राइगन निर्माण सेवा प्रा.लिकेँ देल गेल नगर कार्यालय जनौलक अइछ । भवन शिलान्यास कार्यक्रममे उपप्रमुख रेणुकुमारी साह, वाडध्यक्ष मोमोजिबुर रहमान, राजकुमार यादव, तपसी यादव, नगरपालिकाक कर्मचारी, जनप्रतिनिधि, स्वास्थ संयोजक ठाकुरलगायत स्थानीयक उपस्थिति छल । तीन सालभितर निर्माण पूरा करबाक हिसाबे बहुवर्षीय ठिक्का प्रक्रिया आगू बढेबाक लेल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयक नीति योजना महाशाखा सहमति देलाक बाद सएह अनुसार कार्य भ रहल नगरपालिकाक इञ्जिनीयर दिनेश ठाकुर जानकारी देलैन ।

# उपप्रमुखसभकेँ अधिकार देबाक मांग

**जनकपुरधाम ।**
मधेश प्रदेशक धनुषा जिलाअन्तर्गत स्थानीय पालिकाक उपप्रमुख तथा उपाध्यक्ष वर्तमान संविधान तथा ऐन, कानुनमे भेल व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाक उपप्रमुखकेँ अधिकार नै देल गेल उपराग देलैन अइछ ।
धनुषाक स्थानीय पालिकाक उपप्रमुख–उपाध्यक्षके सहिद नगरपालिकामे आइ आयोजित अन्तरक्रिया कार्यक्रममे नगरपालिका तथा गाउँपालिकाक ऐन तथा कानुनमे स्पष्ट रूपमे अधिकार देलोपर व्यवहारमे कोनो अधिकार नै देल गेल चर्छ करैत कानुनअनुसार अधिकार देबाक मांग केलैथ ।
कमला नगरपालिकाक उपप्रमुख शिला मण्डल हमसभ सुविधा लेल मात्र उपप्रमुख नै भेल छी कहैत जनताक हकअधिकारक लेल निर्वाचित भेल बतौलैन । ओ जनताक हितमे काज करबाक हिसाबेँ अधिकार देबाक मांग केलैन । ओ जनताक सेवासहित काज करबाक लेल आएल छी , सएह अनुसार वातावरण बना सहजीकरण क देबाक लेल प्रमुखकेँ आग्रह केलैन ।
जनकपुर उपमहानगरपालिकाक उपप्रमुख किशोरी साह गाउँपालिका तथा नगरपालिकाक प्रमुख कोनो राय–सल्लाह नै क अपने मनसँ काज करबाक प्रचलनक कारण प्रमुख तथा उपप्रमुखबीच द्वन्द्व बढैत गेल बतौलैन । न्यायिक समितिक संयोजक उपप्रमुखकेँ बनेलोपर तकर प्रभावकारी कार्यान्वयन नै भ रहल हुनक कहब छलैन । बिध्यमान कानुनमे उपाध्यक्ष–उपप्रमुखकेँ न्यायिक समितिके संयोजक निर्धारण कएल गेल अइछ ।
स्थानीय तह सञ्चालन ऐन उपाध्यक्ष तथा उपप्रमुखकेँ अध्यक्ष तथा प्रमुख नै भेल अवस्थामे हुनक कार्यभार सम्हारब, गैरसरकारी सङ्घसंस्थाक क्रियाकलापके समन्वय कराएब, उपभोक्ताहित संरक्षणसम्बन्धी कार्यके समन्वय करब, योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण क तकर प्रतिवेदन बैसारमे पेस करब, सभा तथा कार्यपालिकाद्वारा गठित समितिके काममे सहजीकरण आ समन्वय करब, कार्यपालिका तथा अध्यक्ष वा प्रमुख प्रत्योजन कएल वा निर्धारित न्यायसम्बन्धी कार्य करबाक व्यवस्था कार्यक्रममे प्रस्तुत प्रतिवेदनमार्फत जानकारी देल गेल अइछ ।
प्लान इन्टरनेशनल नेपालके सहयोगमे आसमान नेपालद्वारा आयोजित कार्यक्रममे गाउँपालिकाके काज, अधिकार क्षेत्र आ वर्तमान अवस्थाक बारेमे जानकारी देल गेल छल ।




**श्री भगवती आधारभूत विद्यालय योगियाड़ा**
**विदेह न.पा.७, योगियाडा, जि. धनुषा, मधेश प्रदेश, नेपाल**
**स्था.-२०१६ बि.सं.**
**सूचना प्रकाशित मितिः २०८१/०८/२६ गते**

उपरोक्त सम्बन्धी मिति २०८१/८/२५ गते वि.व्य.स.को बैठकको निर्णय अनुसार श्री भगवती आधारभूत विद्यालय योगियाड़ा, धनुषामा स्वीकृत रिक्त दरबन्दी संख्या-०१ (एक) प्राथमिक तहको लागि करार शिक्षक पद पूर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल अनुसारको योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**
१. विज्ञापन नं. ०१/२०८१/०८२
२. दरखास्त दिने अन्तिम मिति : २०८१/०९/१० गतेसम्म कार्यालय समय भित्र
३. शैक्षिक योग्यता : माध्यमिक शिक्षा कक्षा १२ वा सो सरह उर्त्तिण गरेको
४. शिक्षक स्थायी अनुमतिपत्र प्राप्त गरेको हुनु पर्ने ।
५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६. कुनै किसिमको नैतिक पतन तथा फौजदारी अभियोग नलागेको
७. परिक्षा दस्तुर :- १००० (एक हजार मात्र)
८. परिक्षाको किसिम : लिखित र मौखिक, आवश्यकता अनुसार प्रयोगात्मक
९. **संलग्न गर्नु पर्ने कागजातहरु :**
क) नेपाली नागरिकता प्रमाणको प्रतिलिपि
ख) स्थायी अध्यापन अनुमतिपत्र तथा शैक्षिक योग्यता प्रमाणपत्रतहको प्रतलिपि
ग) पासपोर्ट साईजको फोटो २ प्रति
१०. सम्पर्क मितिः २०८१/०९/११ गते कार्यालयको समय भित्र
११.सम्पर्क मोबाईल नं. ९८१६८०६८२५, ९८४४१३३७५७ प्र.अ.
१२. दरखास्त दिने स्थानः श्री भगवती आधारभूत विद्यालय योगियाड़ाको कार्यालय

**प्रधानाध्यापक**
**विरेन्द्र पूर्वे**

# धरानमे शैनदिनसँ योमरी महोत्सव

**धरान ।**
नेवाः देय दबु आगामी शैनदिनसँ तीनदिनधैर एत योमरी महोत्सवक आयोजना कर जा रहल अइछ ।
दबुद्वारा बुधदिन पत्रकार सम्मेलन क धिमे नृत्यसहित महोत्सव होबाक जनौलक अइछ । पाँचम् संस्करणके ई महोत्सवमे दू सओ कलाकार नृत्य प्रस्तुत से केन्द्रीय उपाध्यक्ष अनिल मास्के बतौलैन । नेपालभाषी समुदायमे यमरीपुन्ही अर्थात् योमरी पूर्णिमाक दिन (चाउर कुइट क आटासँ आ तिलसँ विशेष प्रकार वाष्पद्वारा पकाएल रोटी वा बगिया जँका) देवीदेवताकेँ अर्पण क प्रसादक रूपमे खेबाक चलन अइछ ।



**धानको व्यापारः** महोत्तरीको मनरा शिसवा नगरपालिका–६ मा चिसो मौसममा खुला आकाशमुनि बिक्री गर्न किसानले ल्याएको धान ।

तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# ब्राउन सुगरसहित चार नेपाली पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सीमा क्षेत्रमा सुरक्षा जिम्मेवारी सम्हालिरहेको एसएसबी र रक्सौल नकरदेई थाना टोलीले संयुक्त कारबाही गर्दै २७८ ग्राम ब्राउन सुगरसहित चार नेपाली नागरिकलाई पक्राउ गरेको छ । पक्राउ परेका व्यक्तिहरूको पहिचान वीरगंज महानगरपालिका वडा नं १२ का विशाल कुमार, वडा नं ६ रेशमकोठीका आयुष अग्रवाल, बारा जिल्लाको नितनपुरका रामकिशोर साह कानु र पर्साको रामटोलका राजेश प्रसाद यादवको रूपमा गरिएको छ । चारैजनालाई लागुऔषध नियन्त्रण ऐन (एनडीपीएस एक्ट) अन्तर्गत मुद्दा दर्ता गरी न्यायिक हिरासतमा पठाइएको छ । यसअघि पनि सो क्षेत्रमा मादक पदार्थसहितको तस्करीको घटना सार्वजनिक भइसकेको छ । स्म्याक र ब्राउन सुगरको कारोबार तथा तस्करीका घटनाका कारण यो क्षेत्र बदनाम रहेको छ । तर, हालै आएका प्रहरी प्रमुख (एसपी) स्वर्ण प्रभातको नेतृत्वमा लगातार कारबाहीहरू भइरहेका छन्, जसले अपराधीहरूमाझ त्रास फैलाएको छ ।

# विपि उद्यानको जग्गा खाली गर्न महानगरको अनुरोध



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले घण्टाघरस्थित वि.पी उद्यानको जग्गा खाली गर्न अनुरोध गरेको छ । बुधवार वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत अरविन्दलाल कर्णले एक सूचना जारी गर्दै वीरगंज महानगरपालिका वडा नम्बर ९ घण्टाघरस्थित वि.पी. उद्यानको जग्गा खाली गर्न अनुरोध गरेका छन् । कर्णले जारी गरेको सूचनामा भनिएको छ, 'घण्टाघरस्थित वि.पी. उद्यान हाताभित्र सञ्चालमा रहेको तरकारी तथा फलफुल बजार १५ दिनभित्र खाली गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।' साथै वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवास्थित कृषि बजारको लागि निर्धारण गरिएको स्थानमा जान पनि वीरगंज महानगरले अनुरोध गरेको छ । यसअघि वि.पी. उद्यानको जग्गाको विषयमा परेको मुद्दा किनारा लागेपछि महानगरपालिकाले उद्यान बनाउने प्रक्रिया शुरु गर्न जग्गा खाली गराउन लागेको महानगर प्रमुख राजेशमान सिंहले बताए ।

उनकाअनुसार जुन परियोजनका लागि जग्गा बनाइएको हो, सोही परियोजनका लागि प्रयोग गर्नुपर्छ । उद्यानको जग्गा खाली गराए लगत्तै उद्यान निर्माणको काम थालनी गरिने सिंहले बताए ।

# रक्सौलबाट लागुऔषध ओसारपसारमा संलग्न पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सिमानामा लागुऔषध तस्करीविरुद्धको अभियानमा ठूलो सफलता हात परेको छ । भन्सार आयुक्त, पटनाको निर्देशनमा सञ्चालन गरिएको विशेष अभियान अन्तर्गत, रक्सौल सिमानाबाट दुई ग्यास ट्याङ्कर पक्राउ गरिएको छ। नेपाल र झारखण्ड कोडरमाबाट आएका यी ट्याङ्करमा लागुऔषध गाँजा र एलपीजी बरामद गरिएको छ । पक्राउ परेका व्यक्तिहरूमा झारखण्ड कोडरमा निवासी ३४ वर्षीय सञ्जय पासवान र ३३ वर्षीय बहादुर यादव रहेका छन् ।

उनीहरूलाई सोधपुछ गर्दै भन्सार विभागले तस्करीमा संलग्न ठूलो सञ्जालसम्म पुग्ने प्रयास गरिरहेको छ । पक्राउ परेका ट्याङ्करहरूबाट ८८ लाख ३५ हजार भारतीय रुपैयाँ बराबरको गाँजा र ८० लाख भारुको एलपीजी बरामद भएको छ । कुल बरामद सामाग्रीको मूल्य १ करोड ६८ लाख ३५ हजार भारतीय रुपैयाँ रहेको बताइएको छ ।

नेपालबाट भारतमा लागुऔषध तस्करी व्यवस्थित तरिकाले भइरहेको छ । नेपाली गाजा शुद्ध र उच्च गुणस्तरको मानिन्छ, जसलाई पहाडी र तराई क्षेत्रका गोप्य स्थानहरूमा उत्पादन गरिन्छ । खुला सीमा र सजिलो आवतजावतका कारण तस्करले लागुऔषध भारतका विभिन्न भागमा माफिया सञ्जालमार्फत पुऱ्याउँछन् ।

# पन्ध्र शय्याको अस्पताल भवन शिलान्यास

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको बोदेबरसाइन नगरपालिका–५ मा १५ शय्याको अस्पताल निर्माण गर्न आज भवनको शिलान्यास गरिएको छ । शत्रुध्न हस्पिटल नजिकै रहेको सार्वजनिक जग्गामा १५ शय्याको आधारभूत अस्पताल निर्माण थालनी गर्न भवन शिलान्यास गरिएको हो । तेह्र कठ्ठा क्षेत्रफलमा १९ करोड ६२ लाख ४५ हजार २७ रुपैयाँ लागतमा अस्पताल निर्माण हुन लागेको नगरपालिकाका स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरले जानकारी दिए । उनका अनुसार नगरप्रमुख आतेशकुमार सिंहको प्रमुख अतिथिमा भवन शिलान्यास गरिएको हो । स्वास्थ्य तथा जनसख्यां मन्त्रालयले देशभर पाँच, १० र १५ शय्यासम्मको अस्पताल नभएका स्थानीय तहमा भवन बनाउने योजना बनाए अनुसार बोदेबरसाइनमा निर्माण प्रक्रिया अघि बढेको संयोजक ठाकुरले बताए । अस्पताल सञ्चालनमा आएपछि सामान्य बिरामी हुँदा पनि पालिकाबाहिर पठाउनुपर्ने बाध्यता अन्त्य हुने उनको भनाइ छ । विसं २०८४ मङ्सिरसम्ममा सम्पन्न गर्नेगरी भवन निर्माणको जिम्मा काभ्रेको न्यू ड्राइगन निर्माण सेवा प्रालिलाई दिइएको नगर कार्यालयले जनाएको छ । भवन शिलान्यास कार्यक्रममा उपप्रमुख रेणुकुमारी साह, वडाध्यक्ष मोमोजिबुर रहमान, राजकुमार यादव, तपसी यादव, नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि, स्वास्थ संयोजक ठाकुरलगायत स्थानीयको उपस्थिति थियो । तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउन स्वास्थ्य तथा जनसख्यां मन्त्रालयको नीति योजना महाशाखाले सहमति दिएपछि सोही अनुसार कार्य भइरहेको नगरपालिकाका इञ्जिनीयर दिनेश ठाकुरले जानकारी दिए ।

# वीरगंजबाट डिजेल आयात घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट डिजेल आयातमा घटेको छ । चालु आर्थिक वर्षको प्रथम चार महिनामा डिजेलको आयात नौ दशमलव ४१ प्रतिशतले घटेको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

डिजेल आयात घटेसँगै राजस्व पनि १५ दशमलव १६ प्रतिशतले घटेको छ । आव २०८१÷८२ को चार महिनामा २१ अर्ब ८४ करोड आठ लाख ७६ हजारको दुई लाख ४६ हजार सात सय १९ किलोलिटर डिजेलको आयात भएको थियो । गत आवको सोही अवधिमा भने ३० अर्ब १७ करोड ७६ लाख ४८ हजार रुपैयाँको डिजेल आयात भएको थियो । प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पेट्रोलियम पदार्थ, सवारीसाधन र कच्चापदार्थको आयात घट्दा राजस्व सङ्कलनमा असर परेको बताए ।




मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुने गरेको छ भने पेट्रोल ट्याङ्करबाट नै पैठारी हुँदै आएको छ । नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले चालु आवको कात्तिक महिनासम्म निर्माण क्षेत्र ठप्प रहेकाले डिजेल आयात घटेको बताए । उनले भने, 'सरकारले निर्माण क्षेत्रलाई चलायमान गराउन जरुरी छ । त्यसो नगरे पुँजीगत खर्च बढ्दैन ।' त्यसैगरी, चालु आवको चार महिनामा १२ अर्ब ४२ करोड ६१ लाख ३७ हजार रुपैयाँको एक लाख ४२ हजार आठ सय ६५ किलोलिटर पेट्रोल आयात भएको छ । गत आवको सोही अवधिमा १३ अर्ब १८ करोड ४९ लाख ९० हजार रुपैयाँको एक लाख २९ हजार एक सय २६ किलोलिटर पेट्रोल आयात भएको थियो ।

# उपप्रमुखहरूलाई अधिकार दिनुपर्ने माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको धनुषा जिल्लाअन्तर्गत स्थानीय पालिकाका उपप्रमुख तथा उपाध्यक्षले वर्तमान संविधान तथा ऐन, कानुनमा भएको व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाका उपप्रमुखलाई अधिकार नदिएको गुनासो गरेका छन् । धनुषाका स्थानीय पालिकाका उपप्रमुख÷उपाध्यक्षको सहिद नगरपालिकामा आज आयोजित अन्तरक्रिया कार्यक्रममा नगरपालिका तथा गाउँपालिकाको ऐन तथा कानुनमा स्पष्ट रूपमा अधिकार दिए पनि व्यवहारमा कुनै अधिकार नदिएकाले कानुनअनुसार अधिकार दिन माग गरेका हुन् । कमला नगरपालिकाका उपप्रमुख शिला मण्डलले आफूहरू सुविधा लिन मात्र उपप्रमुख नभएको बताउँदै जनताको हकअधिकारका लागि निर्वाचित भएर आएकाले जनताको हितका पक्षमा काम गर्नेगरी अधिकार दिन माग गरे । उनले जनताको सेवासहित काम गर्न आएकाले सोहीअनुसार वातावरण बनाएर सहजीकरण गरी दिन प्रमुखलाई आग्रह गरे । जनकपुर उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले गाउँपालिका तथा नगरपालिकाका प्रमुखले कुनै राय÷सल्लाह नगरी आफूखुसी काम गर्ने परिपाटीले प्रमुख तथा उपप्रमुखबीच द्वन्द्व बढ्दै गएको बताए । न्यायिक समितिको संयोजक उपप्रमुखलाई तोकिए पनि त्यो कार्य प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको उनको भनाइ छ । उनका अनुसार वर्तमान संविधाधानमा उपाध्यक्ष÷उपप्रमुखलाई न्यायिक समितिको संयोजक तोकेको छ । स्थानीय तह सञ्चालन ऐनले उपाध्यक्ष तथा उपप्रमुखलाई अध्यक्ष तथा प्रमुख नभएको अवस्थामा उनको कार्यभार सम्हाल्ने, गैरसरकारी सङ्घसंस्थाको क्रियाकलापको समन्वय गर्ने, उपभोक्ताहित संरक्षणसम्बन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्ने, सभा तथा कार्यपालिकाद्वारा गठित समितिको काममा सहजीकरण र समन्वय गर्ने, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्योजन गरेका वा तोकेका न्यायसम्बन्धी कार्य गर्ने व्यवस्था कार्यक्रममा प्रस्तुत प्रतिवेदनमा जानकारी दिइएको छ ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा आसमान नेपालद्वारा आयोजित कार्यक्रममा गाउँपालिकाको काम, अधिकार क्षेत्र र वर्तमान अवस्थाका बारेमा जानकारी दिइएको थियो ।

बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

सम्पादकीय

# सकसमा परेको अर्थतन्त्र

*संकुचित मौद्रिक नीतिका कारण नेपालको अर्थतन्त्रमा 'स्ट्यागफ्लेसन' अर्थात् एकातिर अर्थतन्त्र संकुचित हुने र अर्कोतिर मुद्रास्फीति दर बढ्ने प्रवृत्ति देखिएको हो । नेपाल सरकारका कुनै पनि अंगले ल्याएका जुनसुकै नीतिलाई एउटै वाक्यमा टिप्पणी गर्नुपरे सहजै भन्न सकिन्छ– राम्रो उद्देश्यले ल्याइएको तर कार्यान्वयन हुन कठिन । हालैमात्र नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीतिलाई पनि राम्रो उद्देश्यले ल्याइएको तर देशको आर्थिक वृद्धि र मुद्रास्फीति नियन्त्रण गर्न अझै कठिन भन्न सकिन्छ।*

*देशको अहिलेको आर्थिक समस्या मुख्यतः बजारमा वस्तु तथा सेवाको माग नहुनु हो । जब बजार संकुचित हुन्छ तब त्यसको प्रभाव अर्थतन्त्रका सम्पूर्ण अंगमा पर्छ । सरकारी नेतृत्वमा बसेकाहरूले अर्थतन्त्रको अवस्थाका विषयमा कुरा गर्दा आयात घटेको, विदेशी मुद्राको संचिति बढेको र निर्यात थोरै मात्रामा बढेको हुनाले नेपालको अर्थतन्त्र निकै सकारात्मक अवस्थामा रहेको वर्णन गर्छन् । कुनै पनि अर्थतन्त्रलाई समग्रमा बुझ्न 'म्याक्रो इकोनोमिक इन्डिकेटर'हरू अर्थात् मुद्रास्फीति, बेरोजगारी तथा आर्थिक वृद्धिको अवस्था जान्नुपर्छ । यसमध्ये मौद्रिक नीतिले मुख्यतः मुद्रास्फीति नियन्त्रण गर्न विभिन्न औजारहरू प्रयोग गर्दछ र तिनै औजारलाई प्रयोग गर्ने नीतिलाई मौद्रिक नीति भनिन्छ।*

*नेपाल सरकारको प्रमुख आर्थिक सल्लाहकार मानिने नेपाल राष्ट्र बैंक अर्थात् नेपालको केन्द्रीय बैंकले पनि हरेक वर्ष मौद्रिक नीति ल्याउँछ र त्यसका केही बुँदामा केही समयका लागि छलफल चल्छ । अधिकांश वर्षहरूमा मौद्रिक नीतिका कारण देशको समग्र अर्थतन्त्र सकारात्मक वा नकारात्मक भएको स्पष्ट भने देखिएको छैन । करिब एक डेढ दशकअघि केन्द्रीय बैंकले खुला बजार अर्थतन्त्रमा असर पार्ने गरी ल्याइएका नीतिले पारेको दुष्प्रभावलाई त्यसपछिका मौद्रिक नीतिहरूले सुधार गर्ने निरन्तर प्रयास गरिरहेका भए पनि पूरै उल्ट्याएर देशलाई खुला आर्थिक वातावरण दिनसकेका छैनन्।*

*नेपालमा विभिन्न समयमा विभिन्न राजनीतिक सोच भएका दलहरूले शासन गरेका छन् र कतिपय अवस्थामा आर्थिक नीतिका हकमा दुई अलग ध्रुवीय सोच भएका दलहरू पनि सत्तामा सँगै रहेका छन् । तर, नेपाल राष्ट्र बैंकको हकमा भने विगत लामो समयदेखि अनुदार संकुचित मौद्रिक नीति आत्मसात गर्दै बजारलाई नियन्त्रण गर्ने सोचको प्रभुत्व देखिएको छ । नेपालको धितो बजार एउटा लयमा चलिरहेको अवस्थामा त्यसमा विस्तारै नियन्त्रण नगरेर एकैपल्ट घाँटी समातियो।*

*जब पुँजीबजारमा अत्यन्त नकारात्मक असर देखियो अनि बिस्तारै सहज पार्न थालिएको छ । धेरै वर्षको नियन्त्रणपश्चात् संस्थागत लगानीकर्तालिे धितो राखेर २० करोडमात्र ऋण लिन पाउने व्यवस्था खारेज गरिएको छ । तर, व्यक्तिले सेयर धितो राखेर पाउने ऋण १५ करोडमै नियन्त्रित छ । सेयर बजारमा जिम्मेवार कम्पनीलाई आउन दिने वातावरण बनाएर यस्तो नियन्त्रण खुकुलो बनाइनुपर्ने हो । तथापि, यो वर्षका लागि मात्रै हेर्ने हो भने अहिले गरिएको व्यवस्था पनि सकारात्मक भन्नुपर्छ । लघु, घरेलु, साना तथा मझौला उद्योग र कृषि तथा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा २ प्रतिशत विन्दुभन्दा बढी प्रिमियम ब्याज लगाउन नपाउने व्यवस्था गरिएको छ । यसलाई सकारात्मक मान्नुपर्छ। तर, २ करोड रुपैयाँसम्मको उद्योग कत्रो हुन्छ ?*

*त्यसले कति रोजगारी सिर्जना गर्छ रु किन यसको सीमा २० करोड बनाउन सकिन्न रु यसमा राष्ट्र बैंकको नियन्त्रणमुखी सोचबाहेक अरू कारण देखिँदैन । उसले थेग्नै नसक्ने दबाब परेको खण्डमा मात्र अलिकति खुलापन देखाउने गरेको छ । अन्यथा, अहिले ऋणको माग नै नभएको अवस्थामा धेरै उत्पादनमूलक क्षेत्रमा यो व्यवस्था कायम गरिनु जायज हुन्थ्यो।*

*मौद्रिक नीति नियन्त्रणकारी वा संकुचित भएन भने बजारमा जाने मुद्रा प्रवाहले मुद्रास्फीति बढाउँछ भन्ने एकहोरो रटानले सधैं बजारलाई सहज बनाउँदैन । आर्थिक वृद्धि भएको अवस्थामा मुद्रास्फीति केही मात्रामा बढेर जान्छ जसलाई स्वाभाविक पनि मानिन्छ। तर, आजको नेपालको अर्थतन्त्र भने 'स्ट्यागफ्लेसन'बाट गुज्रिरहेको छ। अर्थात् एकातिर अर्थतन्त्र संकुचित हुँदैछ भने अर्कोतिर मुद्रास्फीति दर भने बढ्दो छ।*

*यसको स्पष्ट अर्थ हो – संकुचित मौद्रिक नीतिले वाञ्छित प्रतिफल दिन सकेको छैन । यस्तो अवस्थामा राष्ट्र बैंकले आफ्नो संकुचित मानसिकतामा परिवर्तन गर्नुपर्ने हो जुन अहिलेसम्म हुन सकेको देखिँदैन। नेपाल थोरै देशमध्ये त्यस्तो देश हो जहाँ राज्यले घरजग्गा व्यवसायलाई अनुत्पादक क्षेत्र मान्छ । यस क्षेत्रलाई अनुत्पादक भन्दै वाणिज्य बैंकहरूले अधिकतम ऋण दिनसक्ने प्रतिशतमा एकैपल्ट घाँटी अठ्याइदिँदा अहिलेसम्म घरजग्गा बजार उठ्न सकेको छैन । त्यसले गर्दा सिमेन्ट उद्योग समस्यामा छ, रड उद्योग समस्यामा छ र घरजग्गा सम्बन्धित उद्योग पुरै शिथिल छ। तर, राष्ट्र बैंकले यो समस्या समाधान गर्न ठोस कदम चालेको छैन । त्यसैले उसले सोचेको जस्तो वा सरकारले चाहेजस्तो ६ प्रतिशत आर्थिक वृद्धि यो वर्ष पनि सम्भव देखिँदैन।*

*कुनै पनि देशका शासकले जनताको न्यूनतम सुरक्षा पछि लिनुपर्ने जिम्मेवारी तिनको रोजगारी र अर्थतन्त्रको वृद्धि हो। तर, नेपालका राजनीतिक नेतृत्वहरू आफ्नो जिम्मेवारी स्वीकार्नेभन्दा अन्तै पन्छाउने रोगले ग्रसित छन्। राष्ट्र बैंक पनि आफूले एकैपल्ट घाँटी समातेर निस्सासिएको खुला बजार अर्थतन्त्रलाई बिस्तारै बिस्तारै खुकुलो बनाउँदै सकारात्मक मौद्रिक नीति ल्याएको भ्रम फैलाउँदैछ । यसपटकको मौद्रिक नीति पनि यही भ्रम फैलाउने क्रमको अर्को कडी देखिएको छ।*

# लैङ्गिक समानताको नीति उपलब्धिका लागि प्रयासरत

रुपनी जिएम

'हाम्रो पालिकामा लैङ्गिक समानता नीति बनेको हुनाले हामीले पाउने अधिकारको प्रत्याभूति भएको छ' यो भनाइ हो बाँके कोहलपुर नगरपालिका–४ की विष्णुमाया अधिकारीको । उनका अनुसार बाँकेको कोहलपुर नगरपालिकाले 'लैङ्गिक समानता नीति' बनाएकै कारण विशेषगरी महिलाका अधिकारमा महिलाले अवसर पाएका छन् । पालिकाले 'लैङ्गिक समानता नीति' लाई नीतिगत रुपमा लागू गरेर व्यावहारिक कार्यान्वयनको पक्षमा पनि जोड दिएको हुनाले महिला सशक्तीकरण र समावेशीको पक्षमा स्थानीय सरकार संवेदनशील भएको विष्णुमायाले बताइन्।

विष्णुमाया जस्तै सोही पालिका–१ की सावित्रा भण्डारीले पनि पालिकाले 'लैङ्गिक समानता नीति' बनाएकामा यसले महिला, किशोरी, तथा बालिकाको हक र अधिकारको विषयमा स्थानीय सरकार गम्भीर रहेको बताइन् । 'बाँकेमा अरु पनि पालिका छन् तर केही पालिकामा लैङ्गिक समानता नीति नबनेकै कारण महिला, किशोरी तथा बालिकाहरु आफ्नै अधिकारको प्रत्याभूतिसम्म गर्न नसकिरहेका छैनन्' उनले भने, 'तर हाम्रो पालिकामा महिला, किशोरी, तथा बालिकाले त्यस्तो पीडा बोध गर्नुपरेको छैन ।' कोहलपुर नगरपालिकाको महिला विकास महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख घटना शाहका अनुसार नगरपालिकाले २०७६ सालमा बनाएको लैङ्गिक समानता नीतिअनुसार नै काम गरिरहेको बताए। उनका अनुसार नीतिले महिला, किशोरी तथा बालिकालाई प्राथमिकता दिएको छ। 'नीति निर्माण हुनु नै पहिलो चरणको कार्यारम्भ हो । महिलाका लागि समाजमा रहेको सदियौंदेखिको विभेद् र हिंसा एकैपटक अन्त्य हुन सक्दैन ।' उनले भनिन्, 'विभेद् अन्त्यका लागि पालिकाले महिला, किशोरी तथा बालिकाको सामाजिक र आर्थिक विकासका लागि कार्यक्रमित र संरचनागत नीति बनाएको छ।' नेपालगञ्ज उपमहानगरपालिकाले नेपालको संविधान २०७२ पन्धौँ पञ्चवर्षीय योजना र राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को मूल भावना, मर्म र पालिकाको सामाजिक, धार्मिक, सांस्कृतिक अवस्थालाई मध्यनजर गर्दै लैङ्गिक समानता नीति बनाएको महिला विकास महिला बालबालिका तथा जेष्ठ नगरिक शाखा प्रमुख मञ्जु पाण्डेले बताइन् । 'नीतिअुनसारको कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट नभए पनि अन्तर शाखा समन्वयका आधारमा लैङ्गिक समानतालाई उच्च प्राथमिकता दिंदै कार्यक्रम गरिएको छ' महिला शाखा प्रमुख पाण्डेले भने, 'नीतिगत रुपमा लैङ्गिक समानता नीतिको व्यावहारिक कार्यान्वयनको अवस्थालाई मूल्याङ्कन तथा अनुगमन प्रणाली भएको छ ।' यसका साथै लैङ्गिक समानता कायम गर्नका लागि सम्भावित जोखिम व्यवस्थापनमा जनप्रतिनिधि, सामाजिक अभियन्ता तथा गैरसरकारी संस्थाहरुसँग समन्वय सहकार्य पनि भइरहेको बताइन् । बाँके जिल्ला सामाजिक, सांस्कृतिक तथा धार्मिक रुपमा विविधता भएको जिल्ला हो। यही विविधता र परम्पराका नाममा लैङ्गिक विभेद्का परम्पराले व्यक्ति, समाज र सम्ुदायमा अझैं पनि जरो गाडेको पाइन्छ। यसको निराकणका लागि नीतिगत व्यवस्था मात्र पर्याप्त नहुन सक्छ। यद्यपि, नीति कार्यक्रम र योजना बनाउने पहिलो खुड्किलो हो।

बाँकेको जानकी गाउँपालिकाले लैङ्गिक समानता नीति नै नबनाएको बताएको छ। गाउँपालिकाका महिला शाखा प्रमुख कल्पना गाहामगरले संविधानमा व्यवस्था भएका अन्य विषयमा नीति बने पनि लैङ्गिक समानताको विषयमा यस पालिकामा लैंगिकतासम्बन्धी नीति नबनेको बताइन्। 'लैङ्गिक समानतासम्बन्धी नीति कसरी बनाउने भन्ने विषयमा हामी अन्योलमा नै छौंँ' उनले भनिन्, 'हाम्रा कानुनी सल्लाहकारहरुले पनि यो विषयमा हामीलाई कुनै प्रकारको कानुनी सल्लाह दिनुभएको छैन।' गाउँपालिकाका अध्यक्ष छब्बन खाँले आफूलाई लैङ्गिक समानतासम्बन्धी नीति बनाउनु पर्ने बारेमा जानकारी नभएकाले नबनेको हो भनिन्। 'हामीले पालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रत्येक वर्ष बनाइरहेका छौँ तर लैङ्गिक समानतासम्बन्धी कानुनको विषयमा त्यति जानकारी भएन' उनले भनिन्, 'आगामी दिनमा यस विषयमा नीति बनाएर कार्यविधिका रुपमा कार्यान्वयन गर्नेछौँ।'

बाँकेको बैजनाथ गाउँपालिकाले पनि अहिलेसम्म लैङ्गिक समानतासम्बन्धी नीति बनाएको छैन। गाउँपालिकाका उपप्रमुख निर्मला रोकायले लैङ्गिक समानता नीति नबनाए पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका पक्षमा काम गरिरहेको दाबी गरिन्। स्थानीय तहका कार्यक्रम





लैङ्गिक हिंसा रोक्ने वा त्यसलाई वकालत गर्ने खालका छैनन्। उपप्रमुख रोकाय भन्छिन्, 'लैङ्गिक समानताको नीति नबन्दा लक्षित वर्गलाई समेट्ने गरी न्यायिक समितिमार्फत नै काम गर्दै आइरहेका छौँ।'

आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा जर्वजस्ती करणीको ६० वटा मुद्धा दर्ता भएको छ भने बाल यौनदूराचार (दुव्र्यवहार) को १२ वटा मुद्धा दर्ता भएको प्रहरीले जनाएको छ। त्यसैगरी अप्राकृतिक हस्तमैथुन, बालविबाह, वैबाहिक करणी, आत्महत्या दुरुत्साहन, अपहरण गरी जर्वजस्ती करणीलगायतका लैङ्गिक हिंसाका एक सय ४७ वटा मुद्धा आव २०८०÷८१ मा दर्ता भएको जिल्ला प्रहरी कार्यालय बाँकेका मुद्धा फाँटका प्रमुख प्रहरी निरीक्षक नवीन चापागाईंले जानकारी दिनुभयो। उहाँका अनुसार गत आवमा दर्ता भएका एक सय ४७ लैङ्गिक हिंसाका घटनामध्ये एक सय २९ वटा मुद्धा फछ्र्यौट भएका छन् भने १८ मुद्धा अझै बाँकी रहेका छन्। लैङ्गिक हिंसा तथा घटनाका विषयमा चालु आव २०८१÷८२ मा भने २२ वटा मुद्धा दर्ता भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक तुलबहादुर कार्की लैङ्गिक हिंसाका घटनाहरु कम गर्नको लागि जिल्लामा रहेका सबै सरोकारवालाले एकजुट भएर काम गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'सबै समस्याको समाधान प्रहरी होइन तर यहाँका लैङ्गिक हिंसाका घटनाहरु प्रहरीबाटै सल्टियोस् भन्ने अपेक्षा सरोकारवालाहरुको रहेको छ ।' प्रहरी प्रमुख कार्कीले लैङ्गिक हिंसाको विषयमा सरोकारवालाहरुले खुलेर विषयमा चर्चा गरे पनि प्रभावकारी रुपमा काम गर्न नसकेको बताए। अनौपचारिक सेवा क्षेत्र केन्द्र (इन्सेक) का क्षेत्रीय संयोजक भोला महतले राज्यद्वारा बनाइएको लैङ्गिक समानताको नीतिलाई अबलम्बन गर्न प्रत्येक स्थानीय तहले कार्यविधि बनाउन आवश्यक रहेको बताए । उनले भने, 'स्थानीय सरकारलाई लैङ्गिक समानताको नीतिभन्दा भौतिक संरचना निर्माण कार्य बढी प्राथमिकता परेको देखिन्छ ।' अधिकारकर्मी महतले बाँकेका प्रत्येक पालिकामा राज्यको नीतिअुनसार ऐन कानुन बन्नुपर्ने भन्दै स्थानीय तहमा नीति नबनिदिंदा राज्यका पञ्चवर्षीय योजनाहरु सफल हुन नसकेको बताए।

स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएकाले स्थानीय पालिकाहरुमा लैङ्गिक समानताको नीति बन्न नसकेको अधिवक्ता बसन्त गौतमले बताए। 'संविधानले नै व्यवस्था गरेको लैङ्गिक समानतासम्बन्धी समानताको हकलाई स्थानीय सरकारले नै नीति नबनाइदिंदा यसबाट के प्रष्ट हुन्छ भने लैंगिकता सम्बन्धि विषयमा यहाँका स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएको बुझिन्छ ।' लैंगिकताको दृष्टिकोणले कानुनमा भएका कुराहरु व्यावहारिक रुपमा कार्यान्वयन गर्नका लागि नीति निर्माण गर्न आवश्यक भएको उनको भनाइ थियो।

अधिवक्ता गौतमले लैङ्गिक समानताको नीति नबन्दा यस्ले प्रत्यक्षरुपमा महिला, बालबालिका, सिमान्तकृत समुदाय र विशेषगरी तेस्रोलिङ्गीलाई असर परेको बताए। उनले भने, 'संविधानमा मात्रै व्यवस्था भएर मात्रै भएन, त्यसलाई कार्यान्वयन गर्नका लागि नीति बन्न आवश्यक हुन्छ। नीति बने पो कार्यविधिमार्फत त्यसलाई लागू गर्न सजिलो हुन्छ र लक्षित वर्गका लागि त्यो प्रभावकारी पनि हुन्छ ।' लिङ्ग, जात, भाषा, संस्कृतिका आधारमा कसैलाई पनि भेद्भाव गरिने छैन भन्ने संवैधानिक व्यवस्थाअनुसार स्थानीय संरचनामा लैङ्गिक समानताको नीति निर्माण गर्नुपर्ने उनको भनाइ छ । संविधानको धारा १८ को समानताको हकले समानका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेद्भाव गरिने छैन भनि व्यवस्था गरेको छ । संविधानको भाग ३ धारा ३८ ले महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ भन्ने प्रत्याभूत गरेको छ। राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ ले लैङ्गिक समानतायुक्त राष्ट्र निर्माणको दीर्घकालीन सोच लिएको छ । महिला, किशोरी तथा बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्नु नीतिको मुख्य उद्देश्य रहेको छ भने महिलाको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तीकरणसहित कानुनी र व्यावहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकबीच समानता स्थापित गर्ने' लक्ष्य लिएको छ।

लैङ्गिक नीतिले पछाडि परेको लैङ्गिक समुदायलाई केन्द्रमा राखेर बजेट तथा योजना बनाउन सहज हुन्छ। सरकारले वार्षिक कार्यक्रम पनि त्यसकै आधारमा बनाउँछ। सोही नीतिका आधारमा महिलाको आर्थिक अवस्थामा वृद्धि गर्दै लिङ्गका आधारमा हुने आर्थिक विभेद् अन्त्य गर्ने र समाज रुपान्तरणमा योगदान पुग्छ। यस नीतिका आधारमा प्रदेश र स्थानीय तहले लैङ्गिक नीति बनाउनुपर्ने हुन्छ। बाँकेमा आठ स्थानीय तहमध्ये तीन स्थानीय तहले मात्रै लैङ्गिक समानता नीति बनाएका छन्। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘कतिपय साथीहरूले मलाई भन्नुहुन्छ, माओवादी नामले गर्दा बर्बाद पा¥यो,



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अन्तर्राष्ट्रिय भूमिकामा पनि विस्तारै पार्टीको भूमिका बढाउँदै लगेको बताएका छन् । नेपाल उद्योग व्यापार महासंघ तेस्रो वार्षिक साधारण सभा उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै देशभित्रको जटिल राजनीतिक स्थितिमा पनि पार्टीप्रति आकर्षण बढेको बताए । अध्यक्ष प्रचण्डले भने, ‘कतिपय साथीहरूले मलाई भन्नुहुन्छ, माओवादी नामले गर्दा बर्बाद पा¥यो, नाम फे¥यो भनेर गर्ल्यामगुर्लुम आउँछ जस्तो गर्छन् साथीहरू, हामी ०६४ मा माओवादी नै थियौँ । प्रत्यक्षमा त बहुमत नै ल्याएका थियौँ । माओवादी भएरै ल्याएका थियौँ । जनयुद्ध हुँदै शान्ति प्रक्रियामा आउँदा नै ल्याएका थियौँ ।’

उनले माओवादी विभाजित भएर केही गल्ती कमजोरी पनि गरेको कारणले बीचमा आफूहरु अलमलिएको बताए । उनले थपे, ‘हामी ठाउँ–ठाउँमा चिप्लियौँ पनि। नयाँ बाटो हिँड्दा चिप्लिने रहेछ। उद्देश्यबाट होइन तर कदमहरू चाल्दा चिप्लियौँ। त्यो माओवादी हो भन्न डराएर हल हुने होइन। बरु राम्रो आचरण देखाएर जनतामा जोडिए मात्रै पत्याउने हो ।’

**‘अर्थतन्त्रलाई बलियो बनाउन सामूहिक प्रयासको खाँचो छ’**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको उद्देश्यमा केन्द्रित रहेर उद्योगी तथा व्यवसायी अगाडि बढ्नुपर्ने बताएका छन् । चितवनको भरतपुरमा बिहीबार नेपाल उद्योग व्यापार महासङ्घको तेस्रो साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले देशको अर्थतन्त्रलाई बलियो बनाउन मध्यमवर्गलाई माथि उठाउनुपर्छ भने ।

उनले भने, ‘दिनप्रतिदिन हाम्रो अर्थतन्त्र पर निर्भर हुँदै गएको छ । केही समय पहिले खाद्यान्नमा आत्मनिर्भर मात्रै नभएर निर्यात गर्ने देश अहिले खाद्यान्नलगायत धेरै कुरा आयात गर्ने देशमा परिणत भएको छ । यस्तो स्थितिमा आत्मनिर्भर अर्थतन्त्रलाई बलियो बनाउन सामूहिक प्रयासको खाँचो छ ।’ पूर्वप्रधानमन्त्री प्रचण्डले १८ महिना सरकारको नेतृत्व गर्दैगर्दा सुशासन सामाजिक न्याय र आर्थिक समृद्धिका लागि आफ्नो सम्पूर्ण उद्देश्य र मेहनत रहेको दाबि समेत गरे । उनले राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको जगेर्ना गर्नका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ भने ।

# त्रिभुवन विश्वविद्यालयमा साँच्चैको मेरिटोक्रेसी लागू हुनुपर्छः प्रधानमन्त्री



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले साना कुरामा नअल्झिएर विश्वविद्यालयलाई प्रभावकारी बनाउनुपर्ने बताएका छन् । बिहीबार त्रिभुवन विश्वविद्यालयको नीति अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले मेरिटोक्रेसीमा प्रश्न उठ्न नहुने बताए । उनले उपकुलपतिले नै विश्वविद्यालय चलाउने भन्दै आफूले हस्तक्षेप गरेको भनेर भएका प्रचारमा कुनै सत्यता नरहेको बताए । ‘उपकुलपतिलाई लागेको गर्न पाए हुन्थ्यो भनेर लागेको कुरा गर्नुचाहिँ विश्वविद्यालयको स्वायत्तता होइन’, प्रधानमन्त्री ओलीले भने, ‘त्यसो भएकाले हामी साना कुरामा नअल्झिएर विश्वविद्यालयलाई प्रभावकारी र सुदृढ बनाउनुपर्छ ।’

प्रधानमन्त्री ओलीले बुधबार मात्रै प्रधानमन्त्रीका कारण विलम्ब भयो भनेर अखबारमा छापिएको भन्दै निष्पक्ष र मेरिटोक्रेसीमा प्रश्न नउठ्ने गरी काम गर्न आफूले भनेको बताए । ‘मेरिटोक्रेसीमा प्रश्न नउठोस्, निष्पक्ष ढङ्गले काम होस् । मैले जहिले भन्ने त्यही हो’, प्रधानमन्त्रीले चलाउने कसरी भन्ने ख्याल गर्नुपर्ने बताए ।

# माओवादी स्थायी समिति बैठक स्थगित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रको स्थायी समिति बैठक स्थगित भएको छ । पार्टी उपमहासचिव गिरिराजमणी पोखरेलका अनुसार बिहीबार दिउँसो ३ बजेका लागि बोलाइएको बैठक बैठक स्थगित भएको हो । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड उपत्यका बाहिर भएका कारणले बैठक स्थगित भएको उनले जानकारी दिए । ‘आजको स्थायी समिति बैठक स्थगित भएको छ,’ उनले भने, ‘भोलि बिहान ११ बजे बैठक बस्छ ।’ नेताहरूका अनुसार बैठकबाट सरकारले संविधान संशोधनको प्रयास अगाडि बणउन खोजेकाले त्यसबारे पार्टीको धारणा तय हुनेछ । पुस ४ गते माओवादी केन्द्रको केन्द्रीय समितिको बैठक बस्दैछ । केन्द्रीय समितिको बैठकको तयारी र एजेण्डाहरूका विषयमा पनि स्थायी समिति बैठकमा छलफल हुने बताइएको छ । यसअघि बसेको पदाधिकारी बैठकमा नेताहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्णसमानुपातिक निर्वाचन प्रणाली र संसद बाहिरबाट मन्त्री बनाउने व्यवस्थाका लागि संघर्ष गर्नुपर्ने बताएका छन् । यो विषयमा प्रतिपक्षमा रहेका दलहरूसँग समेत छलफल गरेर साझा रुपमा जाने र पार्टीको संरचना यो मुद्दा लिएर जनतामा जाने तयारी रहेको नेताहरू बताउँछन् ।

# एनआरएन नागरिकताको नियमावली आउने तयारीमा छः परराष्ट्रमन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
परराष्ट्र मन्त्री आरजु राणा देउवाले गैरआवासीय नेपाली नागरिकताको नियमावली निर्माणका लागि परराष्ट्र, गृह र कानूनमन्त्रीबीच एक खालको सहमति भई नियमावली निर्माणको क्रममा रहेको र छिट्टै सार्वजनिक गरिने उल्लेख गरेकी छन् ।

संविधान र ऐन आइसकेको परिप्रेक्ष्यमा राजनीतिक अस्थिरताका कारण गैरआवासीय नेपाली नागरिकताको नियमावली आउन ढिलाइ भएको स्वीकार्दै परराष्ट्र मन्त्री देउवाले अहिले मन्त्रीस्तरमा सहमति भई अन्तिम तयारी भइरहेको प्रष्ट पारिन् । बुधबार बेल्जियमको लुभेनमा जनसम्पर्क समिति बेल्जियमले आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै परराष्ट्र मन्त्री देउवाले अहिले प्रदान गरिंदै आएको गैरआवासीय नेपाली नागरिकताले संविधान प्रदत्त अधिकार व्यवहारमा उपभोग गर्ने वातावरण नबनेकोले छिट्टै नियमावलीको आवस्यकता सरकारले महशुश गरेको स्पष्ट पारिन्। सो कार्यक्रममा बोल्दै उनले एनआरएनएका बारेमा सर्वोच्च अदालतबाट आएका दुई निर्णयहरूमा तादम्यता नदेखिएकोले तेस्रो पक्षको उजुरीमाथिको निर्णय सरकारले कुरिरहेको पनि बताइन् ।

इन्टरनेसनल कोर्ट अफ जस्टिस (आईसीजे) को जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सुनुवाइमा सोमबार नेपालको भनाइ राख्न परराष्ट्रमन्त्री देउवा नेदरल्यान्ड्सको हेगको कार्यक्रममा आएकी थिइन् । राष्ट्रसंघको न्यायिक निकायका रूपमा रहेको यो न्यायालयले समसामयिक विवादास्पद मुद्दाको निरूपण र खास विषयमा परामर्श दिने कार्य गर्दै आएको छ । अदालतको सोही जिम्मेवारीअनुरूप जलवायु परिवर्तनको विषयको कानुनी निरूपण हुनुपर्ने अथवा नपर्ने भनेर निर्क्योल गर्ने क्रममा अदालतले विश्वव्यापी परामर्श लिने सिलसिलामा नेपालकी परराष्ट्र मन्त्री सम्बोधन गर्न आएकी हुन् । जनसम्पर्क समिति बेल्जियमका अध्यक्ष सुभाष गुरूङको अध्यक्षतामा भएको बुधबारको कार्यक्रममा समितिका पूर्व अध्यक्षहरू ध्रुव पौडेल, गंगाधर गौतम, सीता सापकोटा, सुभाष जोशी, पूर्ण तिमिल्सिना लगायतले प्रवासमा रहेका नेपालीहरूका समस्या र चुनौतीहरूबारे मन्तव्य व्यक्त गरेका थिए । यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी बेल्जियमका कार्यकर्ताहरूले परराष्ट्रमन्त्री देउवालाई प्रत्यक्ष रूपमा भेटेर ज्ञापन–पत्र दिन खोज्दा समय उपलब्ध नभएको गुनासो गरेका छन् ।

# रवि लामिछानेलाई थप पाँच दिन हिरासतमा राख्न अनुमति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई अदालतले थप पाँच दिन म्याद थप गरेको छ । जिल्ला अदालत कास्कीमा बिहीबार न्यायाधीश चन्द्रकान्त पौड्यालको इजलासले उनलाई थप पाँच दिन म्याद थप गरेर अनुसन्धान गर्न अनुमति दिएको हो । प्रहरीले अझै ९ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति माग गरेको थियो । रविलाई बिहीबार अन्तिम पटक म्याद थपेर अर्को पटक अदालत उपस्थित गराउँदा अभियोजन पत्र पनि दायर गर्ने तयारी रहेको प्रहरी स्रोतले जनाएको छ । सहकारी ठगी प्रकरणमा गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ परेका रविलाई पछिल्लो पटक थपिएको ४ दिनको म्याद बिहीबार सकिने भएकाले अदालत उपस्थित गराइएको थियो ।

पूर्व उपप्रधान तथा गृहमन्त्रीसमेत रहेका गोर्खा मिडियाका पूर्व प्रवन्ध निर्देशक लामिछानेसहित पूर्व डिआइजी तथा गोर्खा मिडियाका पूर्व उपाध्यक्ष छविलाल जोशी, जीवी राईका साझेदार नेचर हब्र्सका रामबहादुर खनाल र जीवीसँग जोडिएकी लिला पछाईलाई अदालतमा उपस्थित गराइएको थियो । सहकारी सम्बन्धि छानबिन गर्न गठित विशेष संसदीय समितिको सिफारिसमा सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पक्राउ परेका लामिछानेसहितलाई सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धिकरणको कसुरमा अनुसन्धान भइरहेको छ । रवि संलग्न रहेका भनिएका सहकारी रहेको भन्दै पक्राउ पुर्जी जारी भएका जिल्लामा रविको बयान गराइएको छ । बुधबारमात्र रविलाई पर्सा हुँदै काठमाडौँ ल्याइएको थियो । संसदीय समितिको प्रतिवेदनले पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगंजको सानो पाइला बचत तथा ऋण सहकारी संस्था र नेपालगञ्जको समानता सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गर्न रविको पनि संलग्नता देखाएको छ र ती सबै ठाउँमा रविको बयान गराइएको छ । सूर्यदर्शन सहकारीबाट ५ करोड ५८ लाख ९ हजार रुपैयाँ गोर्खा मिडियामा गएको देखिन्छ । जीबी राई नेतृत्वको देशभरका सहकारीबाट ६५ करोड प्रत्यक्ष रुपमा गोर्खा मिडिया नेटवर्कमा गएको समितिको प्रतिवेदनले देखाएको छ ।

समितिले गोर्खा मिडियामार्फत रकम अपचलन भएको भन्दै जीवी, रवि, छविलाल र कुमार रम्तेललाई कारबाही गर्न सिफारिस गरेको थियो । त्यसमध्ये जीबी फरारै छन् भने रवि र छविमाथि अनुसन्धान भइरहेको छ । झण्डै डेढ अर्ब अपचलन भएको सूर्यदर्शन सहकारीका कोषाध्यक्षसमेत रहेका कुमार रम्तेल भने पुर्पक्षका लागि कास्की कारागारमै थुनामा छन् ।

# निजामती सेवा जिम्मेवारी हो सुविधा होइनः मन्त्री गुप्ता



**मधेशदृष्टि**
**काठमाडौं ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले निजामती सेवालाई सुविधाका रुपमा नभइ जिम्मेवारीका रुपमा सदुपयोग गर्नुपर्ने बताएका छन् । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले बुधबारदेखि सुरू गरेको ३९औँ आधारभूत प्रशासन प्रशिक्षण कार्यक्रम शुभारम्भ गर्दै उनले निजामती सेवा सुविधा नभइ जिम्मेवारी भएको बताएका हुन् । कर्मचारीले इमानदार भएर आफ्नो जिम्मेवारी पूरा गरे सुविधाहरू आफैं प्राप्त हुने उनको भनाइ छ । ‘निजामती सेवा भनेको जिम्मेवारी हो, सुविधा होइन भन्ने बुझ्नु आवश्यक छ,’ मन्त्री गुप्ताले भने, ‘तपाइँहरूले पनि जिम्मेवारीलाई प्राथमिकतामा राख्नु होला । पहिला जिम्मेवारी पूरा गरौँ । सुविधा आफैं प्राप्त हुन्छ ।’ कर्मचारीहरूले गर्ने कामसँग देशको गरिमा जोडिएको भन्दै उनले राम्रो काम गरेमा सबैले सम्मान प्राप्त गर्ने बताए । कर्मचारी प्रशासनको क्षेत्रमा अनेक समस्या रहेको र ती समस्या समाधान गर्न देशले इमान्दार र लगनशील कर्मचारी खोजिरहेको चर्चा गर्दै मन्त्री गुप्ताले सामुहिक प्रयासबाट मात्रै ती समस्या समाधान गर्न सकिने विश्वास व्यक्त गरे । त्यसका लागि नवनियुक्त शाखा अधिकृतहरूमा टिकाउ अठोट र दृढ आत्मविश्वास विकास हुनुपर्नेमा जोड दिए । ‘हामीले नागरिकमा सरकार र सार्वजनिक सेवाप्रति भरोसा बढाउनु छ । त्यसका लागि हामीले हाम्रो व्यवहार सुधार गर्नुपर्छ । नागरिकलाई सम्मान गर्नुपर्छ,’ उनले भने । मन्त्री गुप्ताले लोकसेवाको परीक्षा पास गरे पनि कर्मचारीहरूले वास्तविक परीक्षा कार्यस्थलबाट दिनुपर्ने स्मरण गराए । कर्मचारीहरूको क्षमता विकास गर्न, आत्मवविश्वास बलियो बनाउन र सबैलाई निजामती सेवाप्रति प्रतिवद्ध बनाउन ‘आधारभूत प्रशासन प्रशिक्षण’ अत्यन्तै महत्वपूर्ण हुने उनको भनाइ छ ।

# प्रभु स्टीलसले ९८ करोडको आइपीओ निष्कासन गर्ने




**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रभु स्टील्स एन्ड हाइड्रो इन्भेष्टमेन्ट कम्पनीले ९८ करोड रुपैयाँ बराबरको आइपीओ निष्कासन गर्ने भएको छ । जसका लागि कम्पनीले कुमारी क्यापिटललाई सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ । सम्झौतापत्रमा प्रभु एन्ड हाइड्रो इन्भेष्टमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिलप्रसाद अधिकारी र कुमारी क्यापिटलको तर्फवाट प्रमुख मर्चेन्ट बैंकिङ सविन बुढाथोकीले हस्ताक्षर गरे । कम्पनीले प्रतिकित्ता ५० रुपैयाँका दरले ९८ करोड रुपैयाँ बराबरको १ करोड ९६ लाख कित्ता आइपीओ निष्कासन गर्ने जनाएको छ । हाल कम्पनीको अधिकृत पुँजी २ अर्ब ५ करोड रहेको छ भने जारी पुँजी २ अर्ब छ । कम्पनीको हाल १ अर्ब २ करोड संस्थापक समूहको चुक्ता पुँजी छ र आइपीओबाट आउने सर्वसाधारण समूहको ९८ करोड गरि कम्पनीको चुक्ता पुँजी २ अर्ब पुग्नेछ । यो कम्पनी गत २ वर्षदेखि सञ्चालन मुनाफामा रहेको छ । यस कम्पनीमा प्रभु केबलकार एन्ड टुरिजम लिमिटेड, प्रभु होल्डिङ्गस् एन्ड हाइड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड र हाइड्रो होल्डिङ्गस् एन्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मुख्य लगानी रहेको छ । कम्पनीले जलविद्युत, कृषि, पर्यटन, विभिन्न उत्पादनमूलक उद्योग र साहसिक पर्यटनमा लगानी गर्दछ । यस कम्पनीको मुख्य उद्देश्य लगानीमूलक हो । दोस्रो बजारमा समेत यस कम्पनीको राम्रो उपस्थिति रहेको छ ।

# किबी खेतीबाट वार्षिक १० लाख आम्दानी



**मधेशदृष्टि**
**डडेल्धुरा ।**
जिल्लाको आलिताल गाउँपालिका–२ लामिटुडाका ४१ वर्षीय लक्ष्मण थापा मगरले व्यावसायिक रूपमा किबी खेती गरी वार्षिक १० लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएका छन् ।

विसं २०७० देखि व्यावसायिक किबी खेती शुरु गरेका मगरको दैनिकी किबीको हेरचाह, गोडमेल, बजार व्यवस्थापनलगायतमा बित्दै आएको हो । उनको बगानमा लटरम्म पाक्न लागेका ६० क्विन्टल जति किबी फलेको छ । शिक्षण पेसालाई छाडेर आधिकारिक रूपमा 'ध्रुव कृषि फार्म' दर्ता गरी व्यावसायिक किबी खेती थाल्नुभएका मगरले अहिले १५ रोपनीभन्दा बढी क्षेत्रफलमा खेती गरिरहेको बताए । किबी खेतीमा सम्भावना देखेर यो पेसा अपनाएको बताउँदै उनले शुरुमा दोलखाबाट एक सय १० बोट ल्याएर खेती गरेको जानकारी दिए । मगरले उत्पादित कैलाली, डडेल्धुरा, बैतडी, काठमाडौँलगायत सुदूरपश्चिमका सातवटै पहाडी जिल्लामा बिक्री हुँदै आएको बताए । उनले भने, 'यस वर्ष उत्पादन भएका किबी बगानबाट टिप्नु अगाडि ग्राहकको माग धान्न गाह्रो भएको छ ।'

किबी खेतीसम्बन्धी विभिन्न ठाउँमा पुगेर विज्ञहरूबाट तालिमसमेत लिएको भन्दै मगरले बिबिसी नेपाली सेवामा प्रसारण हुने 'साझा सवाल' कार्यक्रममा किबी खेतीबारे छलफल सुनेपछि शुरु गरेको जानकारी दिए । विसं २०७३ मा पहिलो पटक तीन क्विन्टल उत्पादन बताउँदै उनले अहिले वार्षिक ७० देखि ७५ क्विन्टलसम्म उत्पादन हुने गरेको उल्लेख गरे । शुरुका वर्ष प्रतिकिलो पाँच सय रुपैयाँका दरले बिक्री गरेको जनाउँदै मगरले पछिल्लो समय बिक्री मूल्य घटे पनि उत्पादन बढी हुन थालेकाले आम्दानीमा वृद्धि भएको बताए । 'किबी खेतीलाई अन्यबाली जस्तो दैनिक हेरचाह गरिरहनुपर्दैन । बगानभित्र आलु, सागसब्जीलगायत नगदेबालीको खेती पनि गर्न सकिन्छ', उनले भने, 'कम मेहनतमा बढी आम्दानी दिने हुँदा यसवर्ष थप विस्तार गर्ने तयारी गरिरहेको छु ।' पछिल्लो समय ७५ क्विन्टलसम्म उत्पादन भएको बताउँदै मगरले आगामी वर्षदेखि अनुमानित एक सय ५० क्विन्टलसम्म उत्पादन हुने गरी खेती विस्तार गर्न लागेको जानकारी दिए । हाल बिरुवा र फलबाट वार्षिक १० लाख रुपैयाँ भन्दा बढी आम्दानी गरिरहेका किसान मगर आगामी वर्षदेखि आम्दानी वृद्धि हुनेमा ढुक्क छन् । छ देखि आठ मिटरको दूरीमा रोपिने किबीलाई अन्य बालीलाई भन्दा कम मेहनत गर्दा पनि पर्याप्त उत्पादन लिन सकिने मगरले बताए । लहरे फलका रूपमा रहेका किबीले लगाएको तीन वर्षदेखि फल्न शुरु भई ५० वर्षसम्म निरन्तर उत्पादन दिने गर्छ । किबी फललाई चाउरीपन, उच्च रक्तचाप, पोषण, छाला तथा मुटुका रोगीले सेवन गर्नु फाइदाजनक मानिने चिकित्सकहरू बताउँछन् । रासस

# मन्त्रीमाथि भएको आत्मघाती आक्रमणको राष्ट्रसङघद्वारा निन्दा

**एएफपी**
**काबुल ।**
अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय नियोगले इस्लामिक स्टेट (आइएस) समूहले गरेको आक्रमणको निन्दा गरेको छ । राजधानी काबुलस्थित गृह मन्त्रालयको कार्यालयमा बुधबार अपराह्न भएको आत्मघाती बम विस्फोटमा परी शरणार्थी तथा स्वदेश फिर्तीमन्त्री खलील योर रहमान हक्कानीको मृत्यु भएको थियो । अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता मिसन (युएनएएमए) ले पीडित परिवारप्रति समवेदना प्रकट गर्दै भनेको छ, 'स्थिरताको खोजीमा आतङ्कवादका लागि कुनै स्थान हुन सक्दैन ।'

कतार, साउदी अरब, पाकिस्तान र इरानसहित युरोपेली सङ्घ र अर्गनाइजेसन अफ इस्लामिक कोअपरेशनले पनि आक्रमणको निन्दा गरेको छ ।

संयुक्त राज्य अमेरिका र संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको सूचीमा रहेका हक्कानी तालिबानको दुई दशक लामो विद्रोहका क्रममा भएका केही हिंसात्मक आक्रमणका लागि जिम्मेवार हक्कानी नेटवर्कका संस्थापक जलालुद्दीन हक्कानीका भाइ हुन् । उनी वर्तमान गृहमन्त्री सिराजुद्दीन हक्कानीका काका पनि हुन् । खलील योर रहमान हक्कानीको अन्त्येष्टि बिहीबार काबुलको दक्षिणमा पर्ने पक्तिया प्रान्तमा गरिएको छ । इस्लामिक स्टेट समूहले आक्रमणको जिम्मेवारी लिएको छ र एक आक्रमणकारीले मन्त्रालयभित्र आत्मघाती आक्रमण गराएको बताएको छ । सन् २०२१ मा तालिवान सत्तामा फर्किएपछि कुनै मन्त्रीलाई लक्षित गरी गरिएको यो पहिलो आक्रमण हो । अफगानिस्तानमा सन् २०२१ मा तालिवान सेनाले कब्जा जमाएपछि अमेरिकी नेतृत्वको नेटो गठबन्धन सेनाविरुद्धको युद्ध अन्त्य भएपछि हिंसात्मक घटनामा कमी आएको छ । यद्यपि, इस्लामिक स्टेट खोरासानको नामले चिनिने आइएसको क्षेत्रीय शाखा अफगानिस्तानमा सक्रिय छ र यसले नियमित रूपमा सर्वसाधारण, विदेशी र तालिवान अधिकारीहरूलाई बन्दुक र बम आक्रमणबाट निशाना बनाउँदै आएको छ ।

# 'अन्तिम क्षणसम्म' लड्ने दक्षिण कोरियाली राष्ट्रपतिको प्रतिबद्धता



**एएफपी**
**सियोल ।**
दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले गत साता सैनिक शासन घोषणा गर्ने र देशको संसद्मा सेना तैनाथ गर्ने आफ्नो निर्णयको बचाउ गर्दै 'अन्तिम क्षणसम्म' लड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । दक्षिण कोरियाली नेतालाई डिसेम्बरको पहिलो सातामा भएको शैनिक कानुनको घोषणा गर्ने 'नाटकीय राजनीतिक भूमिका' का सम्बन्धमा अनुसन्धानको एक भागको रूपमा विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ । युनको यस कदमले सियोलका सहयोगीहरूलाई स्तब्ध पारेको थियो र दक्षिण कोरियालाई वर्षौंपछि गहिरो राजनीतिक उथलपुथलमा फ्याँकेको थियो ।

शनिबारका लागि पुनः मतदानको तयारी गरिएको राष्ट्रपति युनविरूद्ध संसदमा महाभियोगको प्रस्तावबारे प्रतिक्रिया दिँदै युनले भने, 'म अन्तिम क्षणसम्म दक्षिण कोरियाली जनताको पक्षमा लड्ने' प्रतिवद्धता प्रकट गरेको छु ।' उनले टेलिभिजनमार्फत् 'राष्ट्रका नाममा' सम्बोधन गर्दै भने, 'म ती मानिसहरूसँग फेरि माफी माग्छु, जो सैनिक कानुनका कारण आश्चर्यचकित र चिन्तित भएका हुनुपर्छ । कृपया, मलाई विश्वास गर्नुहोस् ।' महाभियोगको मतदान स्थानीय समयअनुसार आगामी शनिबार (डिसेम्बर १४) साँझ ५ः०० बजे हुनेछ । राष्ट्रपतिविरूद्ध विपक्षी गठबन्धनले दर्ता गरेको र एक पटक मतदान हुने तयारी भइरहँदा सत्तारूढ पार्टीका करिब सबै सांसद्ले मतदान बहिस्कार गरेपछि प्रस्ताव विफल भएको थियो । महाभियोगको आवश्यक दुई तिहाइ बहुमत प्राप्त गर्न सत्तारुढ पिपुल्स पावर पार्टी (पीपीपी) का आठ सदस्यको समर्थन प्राप्त गर्न आवश्यक छ । बिहीबार पीपीपीका नेता हान दोङ–हुनले पार्टीका सदस्यहरूलाई बैठकमा उपस्थित हुन र 'उनीहरूको विश्वास र अन्तस्करणअनुसार' मतदान गर्न आग्रह गरेका छन् । प्रहरीले युनको राष्ट्रपति कार्यालयमा बुधबार छापा मार्ने प्रयास गरेको थियो तर राष्ट्रपतिको कार्यालयका सैनिक सुरक्षा गार्डले कार्यालय परिसरमा प्रहरी प्रवेशलाई अनुमति नदिएपछि प्रहरी फिर्ता हुनुपरेको थियो । प्रमुख विपक्षी डेमोक्र्याटिक पार्टीले राष्ट्रपतिका कर्मचारी र सुरक्षा निकायले कानून कार्यान्वयनमा अवरोध पु¥याए थप कानुनी प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ । दक्षिण कोरियाको राजधानी सियोलमाा गत हप्तादेखि दैनिक प्रदर्शन भइरहेको छ र हजारौं मानिस युनको राजीनामा मागिरहेका छन् । गत हप्ताको 'सैनिक कानुन (मार्शल ल)' घोषणा मा उनको कथित भूमिका को लागि युनका निकट सहयोगी गहन अनुसन्धानको भागिदार बनेका छन् ।

बिहीबार प्रहरीले सेनाको राजधानी रक्षा कमाण्डको मुख्यालयमा छापा मारेको बताएको थियो । युनलाई सैनिक शासन लागू गर्न आग्रह गरेको आरोप लागेका पूर्व रक्षामन्त्री किम योङ ह्युनले मङ्गलबार जेलमै आत्महत्याको प्रयास गरेको बताइएको छ । किमलाई पहिलो पटक आइतबार हिरासतमा लिइएको थियो र पछि 'विद्रोहको समयमा महत्वपूर्ण कर्तव्यहरूमा संलग्न भएको' र 'नागरिक अधिकारको प्रयोगमा बाधा पु¥याउन पदीइ अधिकारको दुरुपयोग गरेको' आरोपमा औपचारिक रूपमा गिरफ्तार गरिएको थियो ।

पूर्व गृहमन्त्री र 'मार्शल ल' भूमिकाको जिम्मेवारी सम्हालेका जनरललाई पनि विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ । दुई जना वरिष्ठ प्रहरी अधिकारीलाई पनि बुधबार बिहान पक्राउ गरिएको छ । पीपीपीले युनको राजीनामा तत्काललाईलाई थाँती राख्दै उनले प्रधानमन्त्री हान डक सो र पार्टी प्रमुख हानलाई सत्ता हस्तान्तरण गर्न सहमत भएको जनाएको छ । तर, युनले विपक्षीले देशलाई 'राष्ट्रिय सङ्कट'मा धकेलेको आरोप लगाउँदै बिहीबार त्यसको विरोध गरेका थिए ।

'विपक्षी दलको प्रभुत्व रहेको नेशनल एसेम्ली उदार लोकतन्त्रको संवैधानिक व्यवस्थालाई ध्वस्त पार्ने कडी बनेको छ', युनले टेलिभिजन सम्बोधनमा भने । उनले भने, 'मार्शल ल'को घोषणासम्बन्धी कानुनी र राजनीतिक जिम्मेवारीबाट म पन्छिने छैन ।' दक्षिण कोरियाली नेताले दक्षिण कोरियालाई उत्तर कोरियाली कम्युनिस्ट शक्तिबाट उत्पन्न हुने खतराबाट जोगाउन र राष्ट्रविरोधी तत्वलाई नियन्त्रण गर्न मार्शल लको घोषणा गरेको बताएको थियो ।

# एनपिएलः सुपर ओभरमा पोखराद्वारा विराटनगर पराजित




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामा पोखरा एभेन्जर्सले विराटनगर किङ्ग्सलाई सुपर ओभरमा १३ रनले पराजित गर्दै विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विराटनगरले जितका लागि दिएको एक सय ४० रनको लक्ष्य पछ्याएको पोखराले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ३९ रन बनाएपछि खेल सुपर ओभरमा पुगेको हो । एनपिएलमा यो पहिलो सुपर ओभर खेल हो । सुपर ओभरमा पोखराले पहिले ब्याटिङ गरेको थियो । विराटनगरका कप्तान सन्दीप लामिछाने बलिङमा आएका थिए । पोखराका रेमन राइफरले पहिलो र दोस्रो बलमा छक्का प्रहार गरे । तेस्रो बलमा सन्दीपले डट राखे । चाँैथो बलमा राइफरले चौका प्रहार गरे । पाँचाँै र अन्तिम बलमा सन्दीपले एक÷एक रन खर्चिए । समग्रमा विराटनगरले १९ रनको लक्ष्य पाएको थियो । विराटनगरका मार्टिन गप्टिल र निकोलस किर्तन मैदान उत्रिए । पोखराले बलिङमा पुन रेमन राइफरलाई ल्याएको थियो । पहिलो बलमा मार्टिन गप्टिलले एक रन बनाए । दोस्रो र तेस्रो बलमा किर्तनले एक÷एक रन लिए । चाँैथो बलमा किर्तनले डट बल खेले भने पाँचाँै बलमा एक रन लिए । पाँचाँै बल रेमनले वाइड दिए र अन्तिम बल डट राख्दै पोखराले विराटनगरमाथि सुपर ओभरमा १३ रनको जित निकालेको हो । त्यसअघि एक सय ४० रनको लक्ष्य पछ्याएको पोखराका लागि आन्द्रेस गौसले सर्वाधिक ३९ रन जोडे । त्यस्तै रेमन राइफरले ३४ रन जोडे । कप्तान कुशल भुर्तेलले ३१ रन जोड्दा दिनेश खरेल र मिचेल लिस्कले समान ११÷११ रन बनाए ।

विराटनगरका लागि प्रतिस जिशीले चार विकेट लिए भने क्रिस सोलले दुई विकेट लिए । टस जितेर पहिला ब्याटिङ रोजेको विराटनगरले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ३९ रनको योगफल बनाएको हो । विराटनगरका लागि स्कट एड्वार्डसले सर्वाधिक ४५ रन बनाए । उनले ३५ बलमा ५ चौका प्रहार गरेका थिए । त्यसैगरी लोकेस बमले २६ रन बनाउदाँ बासिर अहमदले २१ रन जोडे । निकोलस किर्तनले १९ रन, क्रिस सोलले सात र मार्टिन गप्टिलले पाँच रन बनाए ।

पोखराका लागि सागर ढकाल र रेमन रिफरले समान दुई/दुई विकेट लिए भने कप्तान कुशल भुर्तेल र दिनेश खरेलले समान एक/एक विकेट झारे ।



# अर्थतन्त्र लयमा फर्कँदै छ, यही कार्यकालमा देशले समृद्धितर्फ फड्को मार्नेछः अर्थमन्त्री पौडेल

*नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल वर्तमान सरकारका उपप्रधानमन्त्री एवम् अर्थमन्त्री हुन् । कोरोना महामारी, रुस युक्रेन युद्ध आदिका कारण बिग्रिएको विश्वको अर्थतन्त्रको असर नेपालमा पनि पर्यो र अर्थतन्त्र सङ्कटमा परेका बेला उनले अर्थमन्त्रीको जिम्मेवारी सम्हालेका छन् । अहिले नेपालको अर्थतन्त्रमा केही सुधारका सङ्केतका खबरहरु आइरहेका बेला उनले सम्हालेको अर्थ मन्त्रालयका चार महिनाका कामकारबाही, हाल अर्थतन्त्रमा देखिएको भनिएको सुधार र एमालेको आन्तरिक राजनीतिका विषयमा केन्द्रित रहेर राससले गरेको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।*

**यहाँले अर्थमन्त्रालयको जिम्मेवारी सम्हालेको चार महिना वितिसकेको छ । यस अवधिमा अर्थतन्त्रका समस्या समाधान गर्न र अर्थतन्त्रलाई चलायमान बनाउन के पहल गर्नुभयो ?**

अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेपछि हामी मुलुकको समग्र आर्थिक अवस्थाको बारेमा सुक्ष्म रुपमा जानकारी लिन, समस्या पहिचान गर्न र समाधान गर्नमा केन्द्रित भएका छौँ । परिणामतः अर्थतन्त्रमा सुधारका सङ्केतहरु देखापर्दै गएका छन् । निजी क्षेत्रको आत्मविश्वास बढेको छ र लगानीको वातावरण बन्दै गएको छ । मन्त्रलयमा बहाल भएलगत्तै हामीले सय दिने कार्ययोजना बनायौँ र तीमध्ये ९० प्रतिशत भन्दा बढी कार्यान्वनय गरेका छौँ ।

मुलुकको अर्थतन्त्र सुधारका लागि हामीले अर्थ जगतका अनुभवी, विज्ञ र निजी क्षेत्रका छाता सङ्गठनका प्रतिनिधिहरु सम्मिलित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेका छौँ । यसबीचमा हामीले नीतिगत क्षेत्रमा केही महत्वपूर्ण काम पनि सम्पन्न गरेका छौँ । बीमा नियमावली, साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निस्कासन तथा कारोबारसम्बन्धी नियमावली, भन्सार महसुल नियमावली, आन्तरिक राजस्व परिचालन रणनीति, भन्सार मूल्यलाई कारोबार मूल्यमा आधारित बनाउने रणनीति, सार्वजनिक संस्थानमा ऋण तथा लगानीसम्बन्धी नीति, आन्तरिक ऋण निस्कासन तथा व्यवस्थापन कार्यविधि पारित भई कार्यान्वयनमा आएका छन्ृ । उपभोक्ताले डिजिटल माध्यमबाट गरेको खरिदको भुक्तानीमा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम सम्बन्धित खरिदकर्ताको बैंक खातामा फिर्तादिने कार्य प्रारम्भ भएको छ । तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेइकल स्क्यानर मेशिन प्रयोगमा ल्याइएको छ । भन्सार प्रज्ञापन पत्रको मूख्य मूख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई एसएमएस वा इमेल मार्फत गराउने प्रणाली सञ्चालनमा आएको छ । नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकिकरण (डिम्याट) को कार्य आरम्भ भएको छ ।

**यहाँले धेरै काम भयो भन्नुभयो तर निर्माण व्ययवसायीको भुक्तानी, राजश्व सङ्कलन, पूँजीगत खर्च लगायतका समस्या समाधान हुन त बाँकी नै देखिन्छ नि ?**

हामीले जिम्मेवारी लिँदा अघिल्लो वर्ष भुक्तानी हुनुपर्ने दायित्व समेत बाँकी रहेको चिन्ताजनक अवस्था थियो । यस बीचमा बाँकी भुक्तानी दायित्व पूरा गर्नका लागि अर्थ मन्त्रालयले सहजीकरण गरेको छ र क्रमशः भुक्तानी हुँदै पनि गएको छ । कानुन सम्मत ढंगले सिर्जित भुक्तानी दायित्व यथाशीघ्र पुरागर्ने क्रम जारी छ । आयोजनाहरुको वर्गीकरण र बहुवर्षीय स्रोत सुनिश्चितताका बारेमा विद्यमान द्विविधा हटाउने र स्पष्ट मापदण्डका आधारमा अघि बढ्ने प्रयास भइरहेको छ । विदेशी मुद्राको सञ्चिती, भुक्तानी सन्तुलन, विप्रेषण आप्रवाह, बैंकहरुमा तरलताको अवस्था, ब्याजदर जस्ता विषयहरुमा उल्लेखनीय सुधार भएको छ । पुँजीबजार चलायमान र सुधारोन्मुख अवस्थामा आएको छ ।

लामो सयमदेखि अनिर्णित अवस्थामा रहेको धितोपत्र बोर्डको अध्यक्षको नियुक्ति भएको छ । गत आर्थिक वर्षको पहिलो चार महिनामा ३.२ प्रतिशत राजस्व बृद्धिदर रहेकोमा यसवर्षको सोही अवधिमा १७ प्रतिशतले वृद्धि भएको छ । राजस्व चुहावट नियन्त्रणका लागि केन्द्रीय दुरत गस्ती टोली परिचालन लगायतका विभिन्न उपायहरु अवलम्बन गरिएको छ । वैदेशिक सहयोग (अनुदान तथा ऋण) परिचालनको अवस्था तुलनात्मक रुपमा सकारात्मक बन्दै गएको छ ।

त्यसैगरी महङ्गी र मुद्रास्फिती नियन्त्रित अवस्थामा छ । पुँजीगत खर्च गतवर्षको पहिलो चार महिनाको तुलनामा यसवर्ष चार अर्बले बढी भएको छ । गैरआवासीय नेपालीले लगानी गर्ने गरी स्थापना गरिएको एनआरएनए डेभलपमेण्ट फण्ड कार्यान्वयनको चरणमा आइपुगेको छ । सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योग तथा प्रतिष्ठानहरुको अवस्था यकिन गरी पुनः सञ्चालन गर्न र सञ्चालनमा रहेकाहरुको क्षमता विस्तार गर्न तयारी कार्य अघि बढाइएको छ । निजीक्षेत्र लगायत उत्पादनका हरेक क्षेत्रको मनोबल उठाउन सहयोग र सहजीकरण गरिएको छ । विश्व बैंकका अनुसार गत वर्ष ३.९ प्रतिशतमा खुम्चिएको आर्थिक वृद्धिदर यो वर्ष ५.१ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

नेपाल सन् २०२६ मा अतिकम विकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नती हुने आधार तयार भइरहेको छ । केही हप्ता अघि हामीले इतिहासमै पहिलो पटक अन्तर्राष्ट्रिय क्षेत्रको प्रतिष्ठित संस्था फिच रेटिङबाट सोभरेन कन्ट्री रेटिङको काम सम्पन्न गरेका छौँ र 'डबल बि माइनस्' नतिजा सार्वजनिक भएको छ । यसबाट नेपालको अवस्था दक्षिण एशियामा भारतपछिको दोस्रो स्थानमा छ भन्ने पुष्टि भएको छ । नेपाल लगानीका लागि अनुकूल गन्तव्य हो भन्ने सन्देश विश्वव्यापी रुपमा नै प्रवाह भएको छ ।

**यहाँ त आफुले गरेका कामहरुप्रति सन्तुष्ट जस्तो देखिनुहुन्छ । तर आमनागरिक विशेषतः निजी क्षेत्रले चिन्ता व्यक्त गरिरहेका छन् । यस सम्बन्धमा के भन्नुहुन्छ ?**

हामीले सबै समस्याको समाधान भयो भनेका छैनौँ । हाम्रो अर्थतन्त्रका समस्याको बारेमा हामी जानकार नै छौँ । समस्या समाधान गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी हाम्रो हो, सरकारको हो भन्ने कुरामा स्पष्ट छौँ । भन्न के खोजिएको हो भने हामीले जिम्मेवारी सम्हाल्दा विरासतले छाडेका समस्याको चाङमा उभिनुपर्ने अवस्था थियो । स्रोत ब्यवस्थापन, विनियोजन कौशल र बजेट अनुशासनका प्रश्नमा अनेकन समस्याहरु थिए । एकै पटक हजारौँ हजार आयोजना थप गरिएको, ३१ प्रतिशत वृद्धिको लक्ष्य राखेर विश्वास गर्न नसकिने स्रोत अनुमान गरिएको जस्ता गम्भीर समस्याहरु हाम्रा सामु उपस्थित थिए । समग्र मागमा भारी गिरावट, उद्योगहरुको उत्पादनमा ६० प्रतिशतसम्मको गिरावट, निर्यातमा मात्र होइन, आयातमा पनि भारी मात्रामा गिरावट, रोजगारीमा कटौती, राजश्व परिचालन र पुँजीगत खर्चको चिन्ताजनक अवस्था, सरकार अनिवार्य दायित्व भुक्तानीबाट समेत पन्छिन खोजको अवस्थाका साथै बजेट निर्माणसँगै जोडिएर आएका अनेकन समस्याको चाङ थियो । दुईचार महिनामा अर्थतन्त्रका यी सबै सङ्ग्रहीत समस्याको समाधान सम्भव थिएन ।

तर पनि यो छोटो अवधिमा उल्लेखनीय काम सम्पन्न भएका छन् । मूल कुरा मुलुक कता जाँदैछ र मुलुकको अर्थतन्त्र कता जाँदै छ भन्ने हो । हामीले मुलुकको अर्थतन्त्रलाई ओरालो लाग्नबाट रोकेका छौँ र सकारात्मक दिशातर्फ फर्काएकाछौँ । निजी क्षेत्र लगायत उत्पादनका हरेकजसो क्षेत्रमा आत्मविश्वास बढ्दै गएको छ । अर्थतन्त्रमा सुधारका सङ्केतहरु देखापरेका छन् र तिनीहरुलाई अझ प्रभावकारी बनाउनु पर्नेछ ।

बैंकमा सस्तो ब्याज र पर्याप्त तरलता छ तर त्यसलाई उत्पादन र उत्पादकत्व वृद्धिमा, रोजगारी सिर्जनामा परिचालन गर्नुपर्ने छ । निजी क्षेत्रका जायज सरोकारहरुलाई सम्बोधन गर्नुपर्ने छ ।

आम नागरिकलाई रोजगारी वा स्वरोजगारीसँग जोड्नु छ, उनीहरुको आयआर्जन बढाउनु छ र समग्र मागमा वृद्धि गर्नुछ । हो, हामी यही काममा लाग्दैछौँ । हामी अर्थतन्त्रलाई चलायमान बनाउने र राजस्व परिचालन तथा पुँजीगत खर्च वृद्धिगर्ने कुरामा अझ बढी केन्द्रीत भैरहेका छौँ ।

**अब अलिकति फरक प्रसङ्गमा जाऔँ । कांग्रेस र एमालेको बीचमा देखापरेको दरारले गठबन्धन पूरा अवधि चल्दैन भन्ने चर्चा हुन थालेको छ । मतभिन्नताका बीचमा यस गठबन्धनलाई कसरी गन्तब्यसम्म पु¥याउनु हुन्छ ?**

संविधान निर्माण भएपछि नेपाली जनताको चाहना सामाजिक न्याय सहितको समृद्धि हो । तर राजनीतिक अस्थिरताले हामीलाई त्यसतर्फ अघि बढ्न दिइरहेको थिएन । लामो इतिहास, योगदान र हैसियत भएका कांग्रेस, एमाले जस्ता पार्टीसँग बहुमत नहुने, साना दलहरुलाई जोडेर निर्माण गरिएको बहुमत लामो समय टिक्न र जनताको पक्षमा राम्रो डेलिभरी दिन नसक्ने समस्या हाम्रा सामु थियो । २०७९ सालमा निर्वाचित भएको प्रतिनिधिसभा भित्रबाट राजनीतिक स्थायित्वसहितको विकासको यात्रा तय गर्न कांग्रेस एमालेको सहयात्रा बाहेक अर्को कुनै विकल्प थिएन । निर्वाचनपछिका थरी–थरीका गठबन्धनका अभ्यास र तीनका परिणामले पनि यही शिक्षा दिएको थियो । यही पृष्ठभूमीमा यो सरकार बनेको हो ।

नेपाली कांग्रेस र नेकपा (एमाले)को बीचमा कायम भएको यो राजनीतिक सहयात्रा कुनै काँचो धागोमा अडिएको छैन । यो निश्चित ध्येय र उद्देश्यमा आधारित छ । राजनीतिक स्थायित्वको बलमा संविधानको रक्षा र विकास, सबै प्रकारका अतिवाद र अस्थिरताका प्रवृत्तिहरुको अन्त्य, सामाजिक न्यायसहितको विकास र समृद्धि यो सहयात्राको मूख्य उद्देश्य हो । मुलुकलाई सकारात्मक दिशामा लैजान वर्तमान प्रतिनिधिसभा भित्र खोज्न सकिने यो अन्तिम विकल्प पनि हो । कांग्रेस र एमालेको बीचमा यो सहयात्रा नहोस् भन्नेहरु निकै सक्रिय थिए । तिनको प्रयासलाई असफल पारेर यो सहयात्रा सुरु भएको हो । अब पनि कांग्रेस र एमालेको बीचमा दरार सिर्जना गर्न र यी दुई प्रमुख पार्टीलाई अलग गर्नका लागि अनेक प्रकारका कोसिस भएका छन् र भइरहने पनि छन् । तर हामीले त्यस्ता प्रयासहरुलाई परास्त गर्छौँ राजनीतिक स्थायित्व सुनिश्चित गर्छौं । विकास, समृद्धि र सामाजिक न्यायको अभियानलाई तिब्र पार्छौं । जनतामा विशेषगरी युवा–युवतीमा, निजी लगायत उत्पादनका हरेक क्षेत्रमा आशा भर्छौं । यो सहयात्रा २०८४ को आम निर्वाचनसम्मका लागि हो । त्यतिबेलासम्म नै कायम रहन्छ, कसैले प्वालपार्ने वा भत्काउने चेष्टा नगरे हुन्छ ।

**त्यसो भए यहाँले भन्नुभएजस्तै कांग्रेस र एमालेका बीचमा कुनै समस्या नै छैन त ?**

तपाईलाई आश्चर्य लाग्ला हाम्रा बीचमा आजसम्म त्यस्तो कुनै गम्भीर समस्या सिर्जना भएकै छैन । हामीले सरकार सञ्चालनका लागि सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाली कांग्रेसका सभापतिज्यू र दुवै पार्टीका शीर्ष नेताहरु सम्मिलित साझा संयन्त्र निर्माण गरेका छौँ । संयन्त्र अन्तर्गत दुई पार्टीका चार–चार जना नेता सम्मिलित कार्यदल छ । महत्वपूर्ण विषयमा निर्णयमा पुग्नुअघि कार्यदल र संयन्त्रमा छलफल गर्ने प्रणालीको पनि विकास गरका छौँ । जसले गर्दा समस्या सिर्जना हुनै पाउँदैन । संयन्त्र, कार्यदल र मन्त्रिपरिषदमा अत्यन्त जीवन्त र हार्दिक वातावरणमा छलफल हुने गरेको छ । हामीले यही प्रणालीलाई निरन्तरता दिन्छौँ र सरकारमा सहभागी पार्टी, विशेषगरी नेपाली कांग्रेस र नेकपा (एमाले) बीचको आपसी सम्बन्धलाई यसरी नै २०८४ को आम निर्वाचनसम्म लैजान्छौँ ।

**प्रधानमन्त्री केपी शर्मा ओलीले हालैमात्र मित्र राष्ट्र चीनको औपचारिक भ्रमण सम्पन्न गर्नुभएको छ । यो भ्रमणलाई यहाँले कसरी हेर्नुभएको छ ?**

स्वतन्त्र एवम् सार्वभौम राष्ट्रको जननिर्वाचित सरकार प्रमुखको हैसियतमा सम्पन्न भएको सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको चीन भ्रमण अत्यन्त सफल र ऐतिहासिक रह्यो । यस भ्रमणले नेपाल र चीनबीचको आपसी सम्बन्धलाई नयाँ उचाईमा उठाएको छ । भ्रमणका क्रममा विगतमा भएका सम्झौताहरुको कार्यान्वयनमा जोड दिनुका साथै नयाँ ऐतिहासिक महत्वका सम्झौताहरु पनि सम्पन्न भएका छन् । नेपालको आर्थिक विकास, विशेषगरी पूर्वाधार विकासमा यी सम्झौताहरुको विशेष र दूरगामी महत्व छ ।

**तर पनि भ्रमणको प्रभाव त मिश्रित जस्तो देखियो नि । काँग्रेसकै कतिपय नेताले चीन भ्रमणका क्रममा भएका सम्झौता, विशेषगरी फ्रेमवर्क फर बिआरआई कोअपरेशन एग्रिमेण्टप्रति नकारात्मक टिप्पणी गरिरहेको देखिएको छ । भ्रमणको सफलतामथि प्रश्न खडा भएन र ?**

होइन, विषयलाई त्यसरी बुझ्न हुँदैन । नेपाली कांग्रेसको आधिकारिक धारणालाई पार्टी सभापतिले प्रतिनिधित्व गर्नुहुन्छ भन्ने मैले बुझेको छु । कांग्रेसका पार्टी सभापति शेरबहादुर देउवाज्यूले सम्माननीय प्रधानमन्त्रीज्यूको चीन भ्रमणलाई अत्यन्त सफल भन्नुभएको छ । त्यति मात्र होइन उहाँले सम्माननीय प्रधानमन्त्री र उहाँको नेतृत्वको सरकारले राम्रो काम गरेको पनि बताउनुभएको छ । फ्रेमवर्क फर बेल्ट एण्ड रोड कोअपरेशन एग्रिमेण्टका बारेमा सम्झौता गर्नुपूर्व दुवै पार्टीको शीर्ष नेतृत्व तहमा गम्भीरतापूर्वक छलफल भएको छ, के गर्ने के नगर्ने भन्ने विषयमा सहमति भएको छ । बिआरआई सम्झौतमा भएको हस्ताक्षर नेपाली कांग्रेस र नेकपा (एमाले) बीचको सहमति अनुरुप नै छ । कसैले यस विषयलाई उछालेर दुई प्रमुख पार्टीका बीचमा अन्तरविरोध सिर्जना गर्न सकिन्छ कि भन्ने ठानेको छ भने त्यो भ्रम मात्र हो ।

**एमालेभित्रको अन्तरविरोधलाई भुसको आगोजस्तो अवस्थामा छ भन्छन् नि मानिसहरु । यस विषयमा यहाँको भनाई के छ ?**

नेकपा (एमाले) एउटा यस्तो पार्टी हो, जहाँ नीति र नेतृत्वको प्रश्नमा कुनै मतभेद छैन । हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपाली समाजको क्रान्तिकारी रुपान्तरणका लागि क्रियाशील छौँ । जनताको बहुदलीय जनवाद र दशौँ राष्ट्रिय महाधिवेशनका निष्कर्षहरुप्रति सिङ्गो पार्टी पङ्क्तिमा गहिरो विश्वास छ । त्यसैगरी पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूप्रति समस्त पार्टी पङ्क्तिको उच्च सम्मान र भरोसा छ । उहाँ वैधानिक ब्यवस्था अनुरुपको निर्वाचित अध्यक्ष मात्र होइन, समस्त पार्टी पङ्क्तिको विश्वास जितेको आस्थाको अध्यक्ष हुनुहुन्छ । पछिल्लो दशकमा हाम्रो पार्टीले उपलब्धि र चुनौतीका जे–जस्ता श्रृङ्खला पारगर्दै आजको यो ठाँउसम्म आइपुगेको छ । उहाँको दूरदृष्टियुक्त, सुझबुझपूर्ण र साहसिक नेतृत्व नभएको भए त्यो सम्भव हुने थिएन । हो, पार्टीभित्र परिस्थिति वा घटना विशेषमा आधारित भएर असहमति वा अन्तरविरोधहरु देखा पर्न सक्तछन् तर हामीले तीनलाई तत्क्षण त्यही ठाउँमा समाधान गर्दै पार्टीको आन्तरिक एकतालाई अक्षुण्ण राख्छौँ र पार्टीलाई एकतावद्ध बनाएर अघि बढाउँछौं । अब हुने नेकपा (एमाले)को एघारौँ राष्ट्रिय महाधिवेशन नीति र नेतृत्व दुवै प्रश्नमा पूर्ण सहमतिका साथ सम्पन्न हुनेछ । अन्य पदहरुमा निर्वाचन भएछ भने पनि मूल नेतृत्वमा, अध्यक्ष पदमा निर्वाचन हुने कुनै संभावना छैन । नेकपा (एमाले)लाई मात्र होइन, सिङगो राष्ट्रलाई सफल नेतृत्व प्रदान गर्नुभएका पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूका विरुद्ध कसैले उम्मेवारी दिन्छ भन्ने मलाई लाग्दैन ।

**त्यसो भए के एघारौँ महाधिवेशनपछि पनि केपी ओली नै अध्यक्ष रहि रहनुहुन्छ ? तपाईहरुसँग नेतृत्व गर्न सक्छु भन्ने आत्मविश्वास नभएको त होइन ?**

प्रश्न आत्मविश्वासको होइन, प्रश्न सक्षम नेतृत्वको हो । हाम्रो पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूले नेकपा (एमाले)लाई मात्र होइन सिङगो राष्ट्रलाई योग्यतापूर्वक नेतृत्व गरिरहनु भएको छ । उहाँको क्षमता, सक्रियता र नतिजामूलक कामसँग तुलना गर्ने अर्को कुनै नेता नेकपा (एमाले)मा छैन । अनि किन खोज्नु प¥यो नेतृत्वको विकल्प ? नेतृत्व भनेको रहरको बिषय पनि होइन । यो त इतिहास, योगदान, क्षमता र राष्ट्र तथा अन्तराष्ट्रमा स्वीकार्यताको बिषय पनि हो । म स्पष्ट भाषामा भन्न चाहन्छु, एघारौँ राष्ट्रिय महाधिवेशनबाट सर्वसम्मतिका साथ उहाँ नै अध्यक्षमा निर्वाचित हुनुहुन्छ । यस बिषयमा कोही पनि द्विविधामा रहन आवश्यक छैन ।

**तपाईले एघरौँ महाधिवेशनमा केपी ओलीको विकल्प छैन भन्ने निष्कर्ष प्रस्तुत गर्नुभयो । लामो समयदेखि उहाँसँग समिपमा रहेर काम पनि गर्नुभएको छ । यहाँले केपी ओलीलाई कसरी बुझ्नुहुन्छ ?**

उहाँ समकालीन नेपाली राजनीतिको सर्वाधिक लोकप्रिय, सबैभन्दा भिजनरी, आफ्नो आस्था र उद्देश्यप्रति अविचलित, जनता र राष्ट्रको हितका विरुद्ध कहिल्यै र कसैसँग सम्झौता नगर्ने, आफूमा निहित योग्यता, उर्जा र सिङ्गो जीवनलाई जनता र राष्ट्रको हितमा समर्पण गर्नुभएका नेता हुनुहुन्छ । उहाँ हावाको तालमा बग्ने होइन कि आवश्यक पर्दा 'एण्टी करेण्ट' पनि उभिन सक्ने र जनताको मनमा बास बनाउन सक्ने नेता हो । तर जनताका बैरीका लागि भने उहाँ अत्यन्त कठोर हुनुहुन्छ ।

त्यस्तै मानिसको जीवनको मूल्य बुझेको, सबै उमेर समूह, सबै जाति, भाषा, संस्कृति र लिङ्गका नेपालीले उत्तिकै प्रिय ठान्ने तथा अन्तर्राष्ट्रिय जगतमा नेपालको इज्जत र मर्यादाको प्रतिनिधित्वका साथै नेपालको पक्षमा पैरवी गरी दुनियामा नेपाललाई चिनाउन र नेपालको प्रतिष्ठा बढाउन सक्ने नेताका रुपमा मैले चिनेको छु । उहाँ एकपटक देखेको, सुनेको र भोगेको प्रसङग कहिल्यै नविर्सने असाधारण स्मरण शक्ति भएको 'इन्साक्लोपेडिया' जस्तो विलक्षण प्रतिभाको पनि धनी हुनुहुन्छ । यसका साथै समस्त नेपालीको साझा आकांक्षा समृद्ध नेपाल, सुखी नेपाली हो भनेर शुत्रवद्ध गर्ने नेपाली विशेषताको समाजवादका स्वप्नद्रष्टा एवं नेपालले विरलै प्राप्त गर्न सक्ने एक राजनेताका रुपमा मैले उहाँलाई बुझेको छु । मलाई लाग्छ सरलता र दृढता उहाँको जीवनका अभिन्न विशेषता हुन् । उहाँसँग सङ्गत गर्ने र सम्वाद गर्नेहरु असहमत हुन त सक्लान तर उहाँबाट प्रभावित नहुने व्यक्ति भने विरलै छन् । अध्यक्ष ओलीमा अप्ठ्यारोलाई सजिलोसँग भोग्न सक्ने र सजिलोलाई सामान्य रुपमा लिन सक्ने असाधारण खुबी छ । त्यस्तै उहाँसँग परिस्थिति बुझ्ने र समाधान खोज्ने विलक्षण क्षमता पनि छ । रासस

## एनपिएलः

# काठमाडौँलाई हराउँदै जनकपुर बन्यो प्लेअफ पुग्ने पहिलो टोली

**मधेशदृष्टि**

**वीरगंज ।**

काठमाडौँ गुर्खाजमाथि सहज जित हासिल गर्दै जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत प्लेअफ पुग्ने पहिलो टोली बनेको छ । बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा जनकपुरले काठमाडौंलाई पाँच विकेटले हरायो । काठमाडौँले दिएको १०२ रनको सामान्य लक्ष्य जनकपुरले १५.३ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्यो । यो नतिजासँगै जनकपुरले ६ खेलबाट १० अंक जोड्दै प्लेअफ स्थान सुरक्षित गरेको हो । जितसँगै जनकपुर सुदूरपश्चिम रोयल्सलाई उछिन्दै अंकतालिकाको शीर्ष स्थानमा समेत उक्लिएको छ । आफ्नो अन्तिम खेलमा विजयी प्राप्त गरे जनकपुरले पहिलो क्वालिफायरमा स्थान बनाउनेछ । हारले काठमाडौँलाई कठीन मोडमा ल्याएको छ । काठमाडौँले दुई खेल खेल्न बाँकी छ । काठमाडौँले प्लेअफ पुग्न दुवै खेल जित्न पर्नेछ नै, पोखरा, चितवन र कर्णालीको नतिजामा पनि भर गर्नु पर्नेछ ।




जनकपुरको जितमा मध्यक्रमका ब्याटर जिमी निसमले १७ बलमा एक चौका र तीन छक्कासहित सर्वाधिक २७ रनको योगदान गरे । त्यस्तै चौथो नम्बरका ब्याटर हर्ष थाकरले २५ रनको अविजित पारी खेल्दा ओपनर लाहिरु मिलन्थाले १६ रन बनाए । यसैगरी सातौं नम्बरका ब्याटर मोहमद मोशिन १३ रनमा अविजित रहँदा कप्तान अनिल शाहले ११ रन जोडे । ओपनर आसिफ शेख र पाँचौं नम्बरमा आएका शुभ कशंकारले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

काठमाडौँका लागि कप्तान करण केसीले तीन ओभरमा १० रन खर्चिंदै सर्वाधिक दुई विकेट लिए । शाहव आलम, जेरार्ड इरास्मस र दीपेश कँडेलको नाममा समान एक विकेट रह्यो ।



जनकपुरले ब्याटिङ पावरप्ले (सुरुआती ६ ओभर)मा दुई विकेट गुमाएर ५२ रन जोड्दै मध्यम सुरुआत गरेको थियो । जनकपुरले पाँचौं ओभरको तेस्रो बलमा पहिलो विकेट गुमायो । १६ रन मा ब्याटिङ गरिरहेका मिलन्थालाई कप्तान करणले विकेटकिपर राजु रिजालबाट स्टम्प आउट गरे । त्यही ओभरको अन्तिम बलमा आसिफ इरास्मसबाट क्याच भए । जनकपुरले तेस्रो विकेटको रुपमा कप्तान अनिल शाहलाई गुमायो । अनिललाई दीपेशले एलबिडब्ल्युको शिकार बनाए । स्कोरबोर्डमा सात रन थप्न नपाउँदै जनकपुरले अर्को विकेट गुमायो । १०औं ओभरको चौथो बलमा शुभ साहवको बलमा दीपेशबाट क्याच भए । शुभको विकेटपछि क्रिजमा आएका मोशिनले निशमसँग मिलेर पाँचौं विकेटको लागि ३३ रनको साझेदारी गर्दै टोलीलाई सहज जितको बाटोतर्फ लगे । यसबीच काठमाडौंका लागि ११औं ओभर महँगो सावित भयो । दीपेशको ओभरमा निशमले दुई चौका र एक छक्का प्रहार गर्दै पारीलाई उकासे । १४औं ओभरको तेस्रो बलमा इरास्मसबाट एलबिडब्ल्युको शिकार बन्दासम्म निशमले आफ्नो काम गरिसकेका थिए । निशमपछि थाकर र मोशिन मिलेर जनकपुरलाई पाँचौं जित दिलाए ।

त्यसअघि टस जितेर ब्याटिङको निर्णय गरेको काठमाडौँले १९.३ ओभरमा सबै विकेट गुमाएर १०३ रनको योगफल तयार गरेको थियो । काठमाडौँका लागि जेरार्ड (इरास्मस)ले २२ बलमा दुई चौकासहित २० रनको योगदान गरे । त्यस्तै कप्तान करण केसीले १९ रन बनाउँदा ओपनर स्टेफन इस्किनाजीले १७ रन जोडे । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

काठमाडौँलाई कम रनमा रोक्न ललित राजवंशी र शेर मल्लले समान तीन विकेट लिए । ललितले चार ओभरमा दुई मेडनसहित आठ रन खर्चिंदा शेरले ३.३ ओभरमा ११ रन खर्चिए । त्यस्तै मोहम्मद मोहसिनले चार ओभरमा २० रन खर्चिंदै दुई विकेट हासिल गर्दा किशोर महत्तो र अरनिको यादव नाममा एक विकेट रह्यो । कप्तान अनिलले पाँच खेलाडीलाई क्याचमार्फत पेभिलियनको बाटो देखाए । पावरप्लेमा दुई विकेट गुमाउँदै ३५ रन जोडेको काठमाडौँले बाँकीका १३.३ ओभरमा सात विकेट गुमाउँदै थप ६६ रन जोडेको हो । सुरुआती ६ ओभरमा काठमाडौँले ओपनर माइकल लेभिट र तेस्रो नम्बरका ब्याटर भिम सार्कीलाई गुमाएको थियो । तेस्रो ओभरको तेस्रो बलमा लेभिट किशोरको बलमा मोशिनबाट क्याच भए । लेभिटले आठ रनमा पेभिलियन फर्किए । जनकपुरले सातौं ओभरमा अर्का ओपनर इस्किनाजी र सुमितलाई पेभिलियनको बाटो देखायो । पहिलो बलमा ललितले इस्किनाजीलाई एलबिडब्ल्युको शिकार बनाए । चौथो बलमा सुमित अनिलबाट क्याच भए । १२औं ओभरको तेस्रो बलमा रसीद खान अरनिकोको बलमा अनिलबाट क्याच भए । सुमितले खाता नै खोल्न पाएनन् । रसीदले सात रनभन्दा धेरै बनाउन सकेनन् । दुई ओभरपछि डान डाउथवेट शेरको बलमा आसिफबाट क्याच हुँदा १५औं ओभरको अन्तिम बलमा प्रतीक श्रेष्ठलाई ललितले बोल्ड गरे । डाउथवेटले एक रन बनाउँदा प्रतीक ६ रनमा आउट हुन पुगे । १६औं ओभरमा काठमाडौंले आठौं विकेटको रुपमा इरास्मसलाई गुमायो । इरास्मस मोहसिनको बलमा अनिलबाट क्याच भए । त्यसपछि आएका साहव आलमले करणसँग मिलेर नवौं विकेटको लागि २७ रनको साझेदारी गरे । १९ औं ओभरको पाँचौं बलमा काठमाडौंले एक सय रन पूरा गर्यो । शेरको बलिङमा जनकपुरले अन्तिम ओभरमा करण र दीपेश कँडेलको विकेट लिँदै काठमाडौँलाई अलआउट गर्यो ।

# विद्युतीय गाडीले घटाएनन् भाडा



**मधेशदृष्टि**
**वीरगंज ।**

हेटौँडा उपमहानगरपालिका–१४ का गोकुल ढुङ्गाना टाटा सुमोमा कोचिएर बल्खु–सिस्नेरीको बाटो हुँदै हेटौँडासम्मको धेरैपटक यात्रा गरेका छन् । चाडपर्वको समयमा त चालकसहितको ११ सिटको टाटासुमोमा कोचिएर १३ जनाले पनि यात्रा गरेको उनलाई हिजो जस्तै लाग्छ । अहिले यही रुटमा भने सार्वजनिक विद्युतीय सवारीसाधन 'इभी हाइस' सञ्चालन भएदेखि उनीजस्तै धेरै यात्रुले केही हदसम्म भए पनि सहज महसुस गर्दै आइरहेका छन् । 'टाटा सुमोमा तीन जनाको सिटमा कोचिएर चार जना यात्रुले यात्रा गर्दा निकै सकस हुन्थ्यो', यात्रु ढुङ्गानाले भने, 'अहिले त छिटफुट रुपमा चल्ने इभी हाइसले तुलनात्मक रुपमा धेरै सहज बनाएको छ । यसले त कम्तीमा सिट सख्या अनुसारकै यात्रु ओसार्ने भएकाले पनि राहतको महसुस भइरहेको छ ।' उनी इन्धनबाट चल्ने टाटा सुमो र विद्युत्बाट चल्ने इभी हाइसको भाडा उस्तै हुँदा भने मन खिन्न भएको बताउँछन् । 'इभी गाडी चढेपछि त यो रुटको भाडा घट्ला भन्ने लागेको थियो तर अहिले पनि भाडा उस्तै छ', उनले भने, 'इभी र अन्य गाडीको उस्तै भाडा त व्यावहारिक भएन नि !' ढुङ्गाना मात्रै होइन, अधिकांश यात्रु पछिल्लो समय काठमाडौँ–हेटौँडा–वीरगंज रुटमा टाटासुमोभन्दा इभी हाइसमा यात्रा गर्न सहज मान्न थालेका छन् । वीरगंज महानगरपालिका–१६ नगवाका राधेकृष्ण कुशवाहा पनि भरसक इभी हाइसमा नै यात्रा गर्ने बताउँछन् । 'टाटासुमोमा धेरैपटक अटेसमटेस हुँदै यात्रा गर्यौं । तर बिजुली बसमा यात्रा गर्दा छुट्टै खालको अनुभव हुने रहेछ', उनले भने, 'न त आवाज नै आउने, नत वातावरण नै प्रदूषण हुने । स्वदेशमा नै उत्पादन भएको बिजुलीबाट चल्ने भएकाले पनि धेरैको रोजाइको विषय बनेको छ ।'

टाटा सुमो र इभी हाइसको एउटै भाडा हुनु भने दुर्भाग्य रहेको उनी बताउँछन् । 'बिजुलीबाट चल्ने गाडी र टाटा सुमोको एउटै भाडादर हुनु कति पनि सुहाएको जस्तो देखिन्न', उनले भने, 'यसमा कम्तीमा पनि राज्यले हस्तक्षेप गरेर छुट्टै भाडा दर तोक्न जरुरी भइसकेको छ ।' डेढ वर्षदेखि वीरगंज–हेटौँडा–काठमाडौँ रुटमा बागमती प्रदेश ००१ ज ४३३ नम्बरको ११ सिटे इभी हाइस चलाउँदै आएका सवारीचालक अनिल लामाले यो रुटमा इभी हाइस सञ्चालनमा कुनै पनि समस्या नरहेको बताउँछन् । 'वीरगंज–हेटौँडा हुदैँ काठमाडौँको बल्खुसम्म ओहोरदोहोर गर्नका लागि एक हजार १०० को चार्जिङले पुगिहाल्छ', उनले भने, 'पछिल्लो समय यो रुटमा इभी हाइस सवारीसाधन थप्ने क्रम बढिरहेको छ ।' चालक लामाको परिवारले गत डेढ वर्षअघि चारवटा इभी हाइस किनेर सञ्चालन गर्दै आइरहेको छ । '४५ लाख रुपैयाँ खर्चेर केवाइसी इभी हाइस विद्युतीय गाडी किन्यौँ । यसमा डाइभर सिटसहित ११ सिट हुने गर्छ ।' एघार सिटे इभी हाइसले बल्खुदेखि–हेटौँडा–वीरगंजसम्मको यात्रु पाएको खण्डमा मासिक दुई लाखको हाराहारीमा आम्दानी गर्ने गर्छन । 'सिट क्षमताअनुसारको यात्रु पाउने हो भने त कमाई राम्रै छ', उनले भने, 'सबै खर्च कटाएर दैनिक ६५ सय बचत हुँदै आइरहेको छ ।' यो रुटका वीरगंज–हेटौँडा–बल्खु रुटमा चल्ने इभी हाइसले आठ सय ५० रुपैयाँ भाडा लिने गर्छन् । त्यस्तै टाटा सुमोको भाडा पनि सोही आठ सय ५० रुपैयाँ नै छ । पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको लागत खर्च पनि धेरै कम हुने गर्छ तर इभीका सवारीसाधनको भाडा भने उस्तै छ । सर्वसाधारणले इभी र पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको फरक अनुभूति भने गर्न पाइरहेका छैनन् । यही रुटमा चल्ने टाटा सुमोका लागि भने दैनिक आउजाउ गर्न मात्रै पाँच हजारदेखि ५५ सयसम्मको सम्मको इन्धन खर्च लाग्ने दाबी गर्छन् ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोसले सार्वजनिक विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको आकर्षण बढे पनि भाडा दर उस्तै हुँदा यात्रुले फरक अनुभूति गर्न नपाएको बताउँछन् । 'पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारीसाधन र बिजुलीबाट चल्ने सार्वजनिक सवारीसाधनको खर्च धेरै कम छ', उनले भने, 'विद्युतीय सार्वजनिक सवारीसाधनले भाडा उस्तै राख्दा पनि सर्वसाधारणको सोतर्फ आकर्षणलाई अझै बढाउन सकिने थियो ।' नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजय स्वाँरले विद्युतीय माइक्रोबस, हाइस र सानो माइक्रोलगायतका सवारीसाधन थपिने क्रम बढ्दै गइरहेको बताउँछन् । 'सार्वजनिक यातायात पनि विद्युतीय गाडीमा जानुपर्छ भन्नेमा महासङ्घ सकारात्मक नै छ । लगानीकर्ताले लगानी गरिसकेपछि लगानीको संरक्षण हुनैपर्ने हुन्छ ।' उनले भने, 'हामी पनि सकभर इभी गाडीमा जानेतर्फ सकारात्मक भइरहेका छौं ।'

विद्युतीय सार्वजनिक सवारीसाधनमा इन्धन खर्च ह्वात्तै घटे पनि सार्वजनिक सवारीसाधनको भाडा भने घटाएका छैनन् । सर्वसाधारणले विद्युतीय सार्वजनिक सवारीसाधन र इन्धनबाट चल्ने सवारीसाधनको भाडा उस्तै तिर्दै आइरहेका छन् । यातायात व्यवस्था विभागले सहरी क्षेत्रमा चल्ने विद्युतीय र इन्धनबाट चल्ने ट्याक्सीको भाडादर छुटाछुट्टै दर कायम गर्दै आइरहेको छ । तर अहिलेसम्म सार्वजनिक विद्युतीय सवारीसाधनको भाडा भने कायम गर्न सकिरहेको छैन । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष स्वाँर विद्युतीय सार्वजनिक सवारीसाधनको लागत धेरै र यसको हसकट्टी छोटो समयमा हुने भएकाले पनि अपेक्षाकृत रुपमा भाडा घटाउन नसकिएको बताउँछन् । 'इन्धनबाट चल्ने सार्वजनिक सवारीसाधन ढुक्कले २० वर्षसम्म चल्न सक्छन्', उनले भने, 'विद्युतीय सवारीसाधनको ब्याट्रीको आयु नै पाँच वर्षको हुनेगर्छ । अर्कोतर्फ विद्युतीय सवारीसाधनको हसकट्टी पनि इन्धनबाट चल्ने भन्दा धेरै कम हुने गर्छ । त्यसैले पनि भाडा सस्तो हुन सकिरहेको छैन ।'

### विद्युतीय भन्दा इन्धनकै सवारीसाधन उच्च

वीरगंज भन्सार कार्यालय हुदैँ आर्थिक वर्ष २०८०/८१ मा विद्युतीय सवारी साधनभन्दाको तुलनामा इन्धनबाट चल्ने धेरै सवारीसाधन आयात बढी भएका छन् । कार्यालयका अनुसार गत आवमा नाका हुँदै एक हजार चार सय ३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यानहरु आयात भएकामा सोही अवधिमा यो नाका हुँदै पाँच सय ११ वटा विद्युतीय सवारी आयात भएको छ । यो नाका हुँदै गत आवमा दुई अर्ब १९ करोड ८९ लाख ९९ हजार रुपैयाँ बराबरका इनधनबाट चल्ने एक हजार चार सय ३५ वटा जीप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधन आयात हुँदा भन्सार कार्यालयले चार अर्ब ९६ करोड ९२ लाख १८ हजार रुपैयाँ राजस्व आम्दानी भएको छ । आव २०७९÷८० मा भने यो कार्यालय हुँदै एक अर्ब ७८ करोड ८७ लाख ६७ हजार मूल्य बराबरको एक हजार एक सय ४९ वटा जीप, कार र भ्यान आयात भएका थिए । ती सवारीसाधन आयात हुँदा राज्यले चार अर्ब नौ करोड ५९ लाख १३ हजार रुपैयाँ राजस्व आम्दानी गरेको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा दुई सय ८६ वटा बढी इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको छ । आव २०८०/८१ मा एक अर्ब १४ करोड ५० लाख ६७ हजार मूल्यपर्ने पाँच सय ११ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधन आयात हुँदा कार्यालयले ५८ करोड १३ लाख १३ हजार मात्रै राजस्व सङ्कलन गरेको छ । कार्यालयका अनुसार आव २०७९/८० मा यो भन्सार कार्यालय हुँदै एक अर्ब ५३ करोड मूल्य पर्ने तीन सय छ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका थिए । सो आवमा यो कार्यालयले भन्सारवापत ६० करोड ८८ लाख ६२ हजार रुपैयाँ सङ्कलन गरेको थियो । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन